५५

# अमर ज्योति

साहित्यिक त्रैमासिक

भदौ-२०७९




## वार्षिकोत्सव कविता विशेषाङ्क

वार्षिकोत्सव कविता अङ्क

जि.प्र.का.काठ.द.नं. १७७/०७२/०७३

वर्ष : १९, पूर्णाङ्क ५५
(२०७९ आषाढ-भाद्र)

# अमर ज्योति

साहित्यिक त्रैमासिक

**संरक्षक**
कुलमान घिसिङ

**प्रधान सम्पादक**
कृष्णदेव रिमाल 'शब्दसेना'

**कार्यकारी सम्पादक**
विष्णुप्रसाद आचार्य 'अतृप्त'

**सम्पादक समिति**
मुकुन्दप्रसाद प्रसाईं
आविष्कार कला
मनुकुमारी पुलामी (मिमन)

**व्यवस्थापक**
भोला शर्मा
रीता चालिसे (खनाल)
सङ्गीता अधिकारी (पौडेल)
शारदा भट्टराई पोखरेल
बलराम पुडासैनी
शारदा पराजुली

**आवरण कला**
उपेन्द्र शिवाकोटी

**सल्लाहकार**
मातृका पोखरेल
कुलप्रसाद पराजुली
वीरेन्द्र पाठक
केशवप्रसाद रूपाखेती
विष्णुबहादुर सिंह
पुण्य घिमिरे
रामेश्वर राउत मातृदास

**स्थानीय प्रतिनिधिहरू**
बद्री न्यौपाने, विराटनगर
नवराज भट्ट, नेपालगञ्ज
राजनप्रसाद प्याकुरेल, नुवाकोट
रामकुमार न्यौपाने, सिन्धुपाल्चोक
सि.बि.गर्तौला, इटहरी
मातृकाप्रसाद सङ्ग्रौला, झापा
लोकविक्रम मल्ल, सुदूरपश्चिम प्रदेश
खगेन्द्र अधिकारी, खोटाङ

**प्रकाशक**
**विद्युत्कर्मी साहित्यिक समाज**
नेपाल विद्युत प्राधिकरण

**सम्पर्क**
रत्नपार्क, काठमाडौँ, नेपाल
विद्युतीय ठेगाना: amarjyoti@nea.org.np
फोन नं. : ०१-४१५३०८९

मूल्य : १२०.००

शब्दघर छापाखाना, काठमाडौँ-८, गुह्येश्वरी प्रायोद्वीप, ९८५१०११३७९ द्वारा मुद्रित

# साहित्यिक नवप्रवर्तनका दुई आयामः विधाभञ्जन र विधानिर्माण

मिल्दाजुल्दा अभिलक्षण भएका साहित्यिक रचनाहरूलाई एउटै समूहमा एकीकृत गरी कुनै खास विधाअन्तर्गत राख्ने अभ्यास संसारभरि नै प्रचलनमा छ । यही सार्वभौम मान्यताका आधारमा नेपाली साहित्यका पनि कविता, आख्यान (कथा र उपन्यास), नाटक र निबन्ध गरी मूलतः चार वटा विधाहरू निर्धारण भएका हुन् ।

साहित्यका यी चार वटै विधाका आआफ्नै निजत्व र वैशिष्ट्य छन् । कविता विधासँग लयको साङ्गीतिक शक्तिमार्फत भाव वा विचार प्रवाह गर्ने सामर्थ्य छ । आख्यानसँग घटनाको कुतूहलमय प्रस्तुतिको क्षमता छ । निबन्धसँग मौलिक दृष्टिकोण प्रतिपादनको तागत छ भने नाटकसँग प्रबल अभिनयात्मक शिल्प छ । यसरी यी चार वटै विधाले फरक-फरक विधागत उपकरणद्वारा पाठक/दर्शकको चित्तवृत्तिलाई चमत्कृत तुल्याउँदै आइरहेका छन् ।

साहित्यका पाठक/दर्शकहरू आ-आफ्नो रुचिअनुसारको विधा छनोट गरी साहित्यको आस्वादन गर्न स्वतन्त्र छन् । लय मन पराउनेलाई कविता विधा छ; घटनाको रोमाञ्चकारी यात्रामा विचरण गर्न मन लागे कथा छ; पृथक् दृष्टिकोण नियाल्नुपरे निबन्ध र जीवन्त अभिनयकलाको आनन्द लिनुपरे नाटक विधा छ । भिन्नभिन्न स्वादका पारखीहरूका लागि पृथक्पृथक् विधाको परिकार उपलब्ध छ साहित्यको बजारमा ।

हरेक विधाको आआफ्नो मौलिक स्वाद हुँदाहुँदै पनि केही सर्जक एउटा विधालाई अर्को विधासँग मिश्रण गरेर साहित्य लेख्ने मिश्रणवादी ध्याउन्नमा तल्लीन देखिन्छन् । विधाका परम्परित सिद्धान्त, तत्त्व, मान्यता र मानकलाई भत्काएर साहित्यिक लेखनलाई अपारम्परिक बनाउने होड केही समय अगाडिदेखि नेपाली साहित्यमा पनि चल्दै आएको देखिन्छ ।

आजकालका कतिपय कविता पढ्दा कथा वा उपन्यास वा निबन्धको अंश पढेझैँ लाग्छ । कथामा कवितांश तथा निबन्ध र कवितामा नाटकीय अंश मिसाउने प्रवृत्ति ह्वात्तै बढेर गएको छ । यसबाट विधाको मूल चरित्र भञ्जन (भङ्ग) भई विधा मिश्रणतर्फ नेपाली साहित्य अभिमुख हुँदै गएको महसूस हुन्छ । यस प्रवृत्तिलाई उत्तरआधुनिकतावादको प्रभाव वा अन्तर्विधाको प्रभाव

मानिएको छ । यसलाई साहित्यिक शब्दावलीमा 'विधाको विनिर्माण' पनि भन्ने गरिएको छ ।

यसरी एकातिर नेपाली साहित्यमा 'विधा विनिर्माण'को लहर चलेको छ भने अर्कातिर नयाँनयाँ प्रविधाहरू पनि त्यत्तिकै थपिँदै गएका छन् । यस्तो प्रविधा मूलतः कविता विधामा र गौणतः आख्यान विधामा थपिएका देखिन्छन् । कविता विधामा पछिल्लो चरणमा साइनो, बाछिटा, सुसेली, कोपिला, झर, गेडी, रम्बास, पञ्चाङ्ग, शीत, जुनेली, चारू, छेस्का, टुक्का कविता, चित्र कविता, एलाकजस्ता प्रविधाहरू सिर्जना हुँदै गएका छन् भने आख्यानतर्फ अकथा, अउपन्यास, सूत्रकथा आदि नयाँ अनुहारहरू थपिएका छन् ।

साहित्य आफैँमा गतिशील विषय भएकाले यसमा नयाँ प्रयोग हुनु स्वाभाविक छ । यस्तो प्रयोग प्रचलित विधाको मूल स्वरूप भञ्जन गरेर तथा नयाँ विधा/प्रविधाहरूको सृष्टि गरेर भएको देखिन्छ । कुनै पनि प्रयोग निश्चित प्रयोजनका लागि गरिनुपर्छ र त्यसको ठोस सैद्धान्तिक आधार पनि हुनुपर्छ । तर, प्रयोगका लागि प्रयोग गरियो भने त्यो कदापि सुहाउने कुरा हुन सक्तैन ।

विधाभञ्जन वा विधानिर्माण गर्नुपर्ने विविध कारण हुन सक्छन् । हाल प्रचलनमा रहेका विधा वा तिनका उपविधाहरूले मात्र समग्र साहित्यिक सौन्दर्यको उत्खनन गर्न नसक्नु एउटा कारण हुन सक्छ । त्यस्तै साहित्यलाई प्रविधिमैत्री तुल्याउन र लघु आकारका रचनाका माध्यमबाट भावमय विचार र आनन्दानुभूतिको सहज सञ्चार गरी पाठकको समय बचाउनु अर्को उद्देश्य हुन सक्छ । तर, अरूभन्दा फरक देखाउने होड र फरक शैलीको प्रस्तुतिलाई पाठकले मन पराउँछन् भन्ने विश्वासले मात्र साहित्यकारहरू विधाभञ्जन र नयाँ विधा निर्माणतर्फ अग्रसर हुने हो भने यो दुर्भाग्यपूर्ण हुन सक्छ ।

प्रयोग आफैँमा नराम्रो कुरा होइन । वास्तवमा प्रयोगको साँचोले नै परिवर्तनको ढोका उघार्छ । तर, वर्तमानको आधारभूमिमा टेकेर क्रमिक रूपमा गरिने तर्कसम्मत परिवर्तनको आयुचाहिँ अलि लामो हुन्छ जस्तो लाग्छ । नवप्रवर्तनको नाममा एकैचोटि भरमार क्रान्तिकारी प्रयोग गर्दा नयाँ प्रयोगले दीर्घ जीवन पाउला वा नपाउला ? यो प्रश्न पनि त्यत्तिकै विचारणीय छ ।

साहित्यिक क्षेत्रमा हुने कुनै पनि प्रयोग प्रयोजनपरक र सोद्धेश्यमूलक हुनुपर्छ । प्रयोगले मूल विधा र तिनका उपविधाहरूले संवरण गर्दै आएका विधागत स्वत्वलाई नष्ट गर्नुहुँदैन । प्रयोग प्याङ्क नबनोस् र नबनोस् पानीको फोकाझैँ क्षणिक झल्याकझुलुकमात्र । साहित्यका नयाँ प्रविधाहरू अन्तर्रास्ट्रिय साहित्यिक बजारमा निर्यात गर्ने नवप्रवर्तनकारी सर्जकहरूको अभीष्ट छिट्टै पूरा भएको देख्न पाइयोस् ।

*– अतृप्त*



# शुभकामना

**कुलमान घिसिङ**

देशलाई उज्यालोको यात्रामा अघि बढाउने राज्यको महत्त्वपूर्ण निकाय नेपाल विद्युत प्राधिकरण आफ्नो स्थापनाको ३७ औँ वार्षिकोत्सव मनाउन लागिपरेको छ । आजका दिनसम्म आइपुग्दा यसले आफ्नो यात्रामा विभिन्न खाले चुनौतीहरू स्विकार्दै र सम्भावना तथा अवसरलाई उपयोग गर्दै देशको महत्त्वपूर्ण सार्वजनिक संस्थाको रूपमा आफूलाई दर्ज गर्न सफल भएको छ ।

एउटा संस्था सफल हुनुमा नीति र नेतृत्वमात्रै होइन, यसका अङ्गका रूपमा रहेका कर्मचारीहरूको बराबर योगदान हुँदै आएको छ । यस संस्थाले विगतका वार्षिकोत्सवहरूमा जस्तै यो वर्ष पनि विविध अतिरिक्त क्रियाकलाप सञ्चालन गरिरहेको छ । जुन क्रियाकलापले प्रत्यक्ष रूपमा कर्मचारी र संस्थालाई जागरुक बनाइरहन ठूलो योगदान दिएको मैले महसूस गरेको छु ।

विद्युतकर्मी साहित्यिक समाज यहाँका साहित्यिक मन भएका अग्रज कर्मचारीहरूले स्थापना गरेको साहित्यिक संस्था हो । यस संस्थाले आफ्नो स्थापनाकालदेखि मातृसंस्थालाई पदीय दायित्वभन्दा परबाट पनि बौद्धिक र रचनात्मक सहयोग गरिरहेको पदेन संरक्षकका नाताले मैले अनुभव गरेको छु । यस कार्यले संस्थालाई खुशी र गौरव प्रदान गरेको छ ।

कार्यालयको जिम्मेवारी बहन गर्दागर्दै कार्यालय समयभन्दा अतिरिक्त समयलाई समेत उपयोग गरेर विद्युतकर्मी साहित्यिक समाजले निरन्तर रूपमा ‘अमर ज्योति’ साहित्यिक त्रैमासिक प्रकाशन गरेको कार्य आफैँमा सह्राहनीय कार्य हो । पत्रिका प्राधिकरणका कर्मचारीहरूमा भएको साहित्यिक भावना अभिव्यक्तिको गतिलो माध्यम बनेको छ । समय-समयमा प्रकाशन हुने विशेषाङ्कले नेपाली साहित्यिक पत्रिकाको

इतिहासमा अमरज्योतिले उच्च स्थान लिँदै गएको छ । देशका सार्वजनिक संस्थानहरूले आफ्नो मूल लक्ष्य सँगसँगै राष्ट्रका विभिन्न क्षेत्रमा योगदान दिन सक्छन् भन्ने यथार्थता प्रमाणित गर्नमा विद्युत प्राधिकरण सफल भएको छ । नेपाली साहित्यको उन्नयनमा पनि प्राधिकरण निरन्तर लागि परेको तथ्य प्रमाणित गर्नमा साहित्यिक समाज र अमर ज्योतिले प्रमाणका रूपमा काम गरेका छन् ।

३६ औँ वार्षिकोत्सवमा प्रतियोगी कर्मचारी कविहरूद्वारा वाचित कविता सहित ५५ औँ अङ्क प्रकाशन गर्न लागेको समाचारले म निकै खुशी भएको छु । आगामी दिनमा वार्षिकोत्सवमा सञ्चालन हुने अतिरिक्त क्रियाकलापका अन्य कार्यक्रमहरूलाई पनि लिपिबद्ध गर्ने कार्यमा विद्युतकर्मी साहित्यिक समाज अघि बढ्नुपर्ने मैले महसूस गरेको छु । पत्रिकामा जसरी आजीवन सदस्यको नामावली प्रकाशन गरेको छ, त्यो सह्राहनीय कार्य हो । यसैगरी वार्षिकोत्सव कार्यक्रमको अवसरमा रक्तदान गर्ने रक्तदाता कर्मचारीको नाम र दान–पटक समेत खुलाई प्रकाशन गर्दा अझ उपयुक्त हुने देख्दछु ।

अन्त्यमा, साहित्यिक समाजबाट विविध कार्यक्रममा सहभागिता जनाई वार्षिकोत्सव कार्यक्रम सफल बनाउन लागेकामा विद्युतकर्मी साहित्यिक समाजलाई धन्यवाद दिन चाहन्छु । उज्यालोको यात्रामा सँगसँगै हिँडेको 'अमर ज्योति' पत्रिकाको निरन्तर प्रगति र उन्नतिको शुभकामना दिन चाहन्छु ।



कार्यकारी निर्देशक
नेपाल विद्युत प्राधिकरण
तथा
संरक्षक
विद्युतकर्मी साहित्यिक समाज

# शुभकामना

**हरराज न्यौपाने**



नेपाल विद्युत प्राधिकरणले हरेक वर्ष संस्थाको स्थापना दिवसका अवसरमा भाद्र १ गते वार्षिकोत्सव कार्यक्रम मनाउने गर्दछ । वार्षिकोत्सवको पूर्वसन्ध्यामा राज्य, संस्था र कर्मचारीहरूलाई सकारात्मक प्रभाव पार्ने बौद्धिकताका अतिरिक्त रचनात्मक क्रियाकलापहरू रक्तदान, खेलकुद, कवितावाचन, कार्यपत्र प्रस्तुतीकरण, वक्तृत्वकला, हाजिरी जवाफलगायतका क्रियाकलापहरू पनि सञ्चालन गर्दै आएको छ ।

नेपाल विद्युत प्राधिकरणको ३६ औँ वार्षिकोत्सवका अवसरमा आयोजित अतिरिक्त क्रियाकलाप-अन्तर्गत कवितावाचन प्रतियोगितामा प्रतियोगी कर्मचारी कवि, अप्रतियोगी कर्मचारी कवि र अतिथि कविहरूबाट वाचन गरिएका कविताहरू सङ्कलन गरेर वार्षिकोत्सव कविता अङ्क प्रकाशन गर्न लागेकामा मलाई निकै खुशी लागेको छ ।

नेपाल विद्युत प्राधिकरण, विद्युतकर्मी साहित्यिक समाजले नियमित रूपमा प्रकाशन गर्दै आएको साहित्यिक त्रैमासिक अमर ज्योतिको नियमित अङ्कमा एक वर्ष अगाडि वाचित रचनाहरू सुरक्षित राखी यस वर्ष प्रकाशन गर्नु राम्रो र सह्रहनीय कार्य हो । यसले प्रतियोगितामा सहभागीलाई खुशी प्रदान गर्दछ भने नयाँ प्रतियोगीहरूलाई प्रतियोगितामा सहभागी हुन उत्प्रेरित गर्दछ ।

साहित्यमा व्यक्त गरिने अभिव्यक्तिहरू यही समाजका घटना परिघटना सामाजिक दृश्यलगायतका हुन्छन् । साहित्यमा व्यक्त गरिने अभिव्यक्तिले व्यक्तिलाई मात्र तत्कालीन आनन्द दिनेमात्र नभएर उन्नत समाज, संस्कृति र व्यक्तित्व विकासका लागि पनि उत्तिकै सहयोग गर्ने गर्दछ ।

साहित्यिक रचनाहरू जति जनजीवनसँग जोडिएर आउँछन् त्यति मात्रामा लोकप्रिय र दीर्घजीवी हुने गर्दछन् । जनजीवनका भाका र

भाषामा आएका साहित्यिक रचनाहरू यो वा त्यो पक्ष समूह वा वर्गका मात्र नभएर सम्पूर्ण समाजको हुने गर्दछ ।

साहित्यमा व्यक्त गरिने भाषा र शैली प्रत्येक सर्जकको फरक-फरक हुने गर्दछ । नेपाल विद्युत प्राधिकरणमा कार्यरत कर्मचारीहरूले आफ्नो पदीय जिम्मेवारी बहन गर्दागर्दै साहित्यिक कर्ममा समेत योगदान दिएर नेपाली साहित्यलाई उन्नत बनाउन सहयोग मिलेको छ । यस कार्यले नेपाली साहित्यको विकासमा नेपाल विद्युत प्राधिकरणको भूमिका बढ्दो र योगदान प्रशंसनीय बनाएको छ ।

विद्युतकर्मी साहित्यिक समाजले वार्षिकोत्सवमा वाचित कविताहरू सङ्ग्रह गरेर प्रकाशन गर्न लागेकोमा धन्यवाद दिन चाहन्छु । यस वर्ष सञ्चालन हुने अतिरिक्त क्रियाकलापहरूअन्तर्गत कार्यपत्र प्रस्तुतीकरण र वक्तृत्वकला कार्यक्रम सञ्चालनमा विद्युतकर्मी साहित्यिक समाजले अग्रसरता देखाएकोमा खुशी लागेको छ । कार्यपत्र प्रस्तुतीकरण र वक्तृत्वकलामा आएका महत्वपूर्ण जानकारीलाई पनि दस्ताबेजीकरण गर्ने कार्यतर्फ विद्युतकर्मी साहित्यिक समाजले अग्रसरता लिएमा समाज, नेपाल विद्युत प्राधिकरण र समग्र राष्ट्रका लागि पनि सकारात्मक उपलब्धि हुने थियो ।

यस ५५ औँ कविता अङ्कले ३६ औँ वार्षिकोत्सवका सहभागीलाई आफ्नो कविता प्रकाशन भएकोमा खुशी प्रदान गर्नेछ । यस अङ्क जुनजुन कर्मचारीहरूको हातमा पर्छ, उहाँहरूलाई यस प्रकारका प्रतियोगितामा भाग लिन उत्साह र उत्सुकता प्रदान गर्नेछ । यो अङ्क साहित्यमा रुचि हुने विशेष गरी कवितामा चाख हुनेहरूका लागि महत्त्वपूर्ण हुनेछ । विद्युतकर्मी साहित्यिक समाजले आफ्नो नियमित प्रकाशन अमर ज्योतिमार्फत वार्षिकोत्सव कार्यक्रमलाई सहयोग गरेकोमा धन्यवाद दिँदै अमर ज्योति पत्रिकाको निरन्तरता र उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।



उपकार्यकारी निर्देशक
नेपाल विद्युत प्राधिकरण
तथा संयोजक
३७ औँ वार्षिकोत्सव समारोह प्रबन्ध मूल-समिति

# शुभकामना

**दीर्घायुकुमार श्रेष्ठ**



नेपाल विद्युत प्राधिकरणले देशव्यापी रूपमा बढीभन्दा बढी कर्मचारीहरूको सहभागिता गराई हरेक वर्ष वार्षिकोत्सव मनाउँदै आएको छ । सोही परिप्रेक्ष्यमा हाल हामी ३७ औँ वार्षिकोत्सव मनाइरहेका छौँ ।


नेपाल विद्युत प्राधिकरण विद्युतकर्मी साहित्यिक समाजले अतिरिक्त क्रियाकलापका विभिन्न कार्यक्रममध्ये कवितावाचनमा विशेष अग्रसरता देखाउँदै आएको छ । प्राधिकरणको ३६ औँ वार्षिकोत्सवको अवसरमा आयोजित कवितावाचन प्रतियोगितामा गतवर्ष वाचित कविताहरू गहन सँगालोका रूपमा 'अमरज्योति' साहित्यिक त्रैमासिक पत्रिकाको ५५ औँ अङ्क प्रकाशन गर्न लागेको खबरले म हर्षित भएको छु।

नेपाल विद्युत प्राधिकरणले हरेक वर्ष वार्षिकोत्सवको अवसर पारेर रक्तदान, खेलकुद, हाजिरीजवाफ, कवितावाचन, वक्तृत्वकला जस्ता शारीरिक एवम् मानसिक विकाससँग सम्बन्धित क्रियाकलापहरू सञ्चालन गर्दै आएको सर्वविदितै छ । गतवर्ष कोरोना महामारी फैलिएको कारण कविता प्रतियोगिता र कार्यपत्र प्रस्तुतीकरण कार्यक्रम भर्चुअल रूपमा सञ्चालन गरिएको थियो ।

यस साहित्यिक पत्रिकाले नेपाल विद्युत प्राधिकरणमा कार्यरत कर्मचारीहरूको साहित्यिक प्रतिभाको खोजी गरी त्यस्ता प्रतिभालाई अझ सशक्त र सिर्जनशील बनाउने कार्य गर्दै आएको छ । यस पत्रिकाले प्राधिकरण बाहिरका सर्जकहरूसँग पनि भावनात्मक सम्बन्ध स्थापित गराइदिएको छ । साहित्यले मस्तिष्कमा ज्ञान, मुटुमा भावना, औँलाका टुप्पामा सीप प्रस्फुटन गराउन सक्छ । हाम्रा कर्मचारीभित्र लुकेर रहेको साहित्यिक प्रतिभालाई यस पत्रिकाको माध्यमबाट समाजसामु साक्षात्कार गराउने कार्यमा यस पत्रिकाले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको महसूस गरेको छु ।

साहित्यले व्यक्ति परिवार समाज र राष्ट्रलाई समेत पथ प्रदर्शन गर्दछ । यस साहित्यिक पत्रिकाले संस्थाको आ–आफ्नो कर्म क्षेत्रमा खटिनुभएका कर्मचारीहरूलाई आफ्नो कर्तव्य पालना र जिम्मेवारीबोधसहित प्रतिभा प्रस्फुटन गराई आपसी सम्बन्ध अझ प्रगाढ बनाउन प्रेरित गर्दछ ।

साहित्यको ज्योतिले हामीबीचमा उज्यालो छर्दै संस्था र कर्मचारीको सम्बन्ध बलियो बनाएको छ । अमरज्योति साहित्यिक पत्रिकाको वार्षिकोत्सव अङ्कलाई सफलताको लागि शुभकामना व्यक्त गर्दै यसको निरन्तरता र उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।



उपकार्यकारी निर्देशक
नेपाल विद्युत प्राधिकरण
तथा संयोजक
३७ औँ वार्षिकोत्सव अतिरिक्त क्रियाकलाप उपसमिति

# यस अङ्कमा

## विशेष कविता


पारिजात ११


## ३६ औँ वार्षिकोत्सवको अवसरमा आयोजित कविता प्रतियोगितामा वाचित तथा अन्य कविताहरू


लोकविक्रम मल्ल १४
हरिप्रसाद अधिकारी १५
शारदादेवी पोखरेल भट्टराई १६
नारायणप्रसाद आचार्य १७
राजेन्द्र अधिकारी १८
लक्ष्मण घिमिरे १९
भोला शर्मा २०
सागर शिवाकोटी २१
रीता चालिसे २३
कपिलचन्द्र बस्ताकोटी २५
शारदा पराजुली २६
हेमराज बस्याल २७
मातृकाप्रसाद सङ्ग्रौला २८
नारायण रेग्मी २९
गजेन्द्रप्रसाद श्रेष्ठ ३१
राजुप्रसाद तिमल्सिना ३३
पवन विश्वकर्मा ३४
मेघमणि गौतम ३६
चन्द्रकान्त अधिकारी ३७
मनुकुमारी पुलामी मगर ३९
विनोद सुवेदी 'हिमचुली' ४१
छविलाल नेपाली ४२
दिनेश शर्मा ४३
विमला खड्का बि.सी. ४४
लोकेन्द्रजङ्ग शाही ४५
गीतादेवी बुढाथोकी ४६
सुशीला रायमाझी ४७
कविता पोखरेल सुवेदी ४८
मुकुन्दप्रसाद प्रसाई ४९
कल्पना ज्ञवाली 'समर्पण' ५१
महेशराम विरही ५२
आविष्कार कला ५३


## अन्य सामग्री


**अनुवाद साहित्य**
धम्मपद ५५
**गतिविधि**
३६ औँ वार्षिकोत्सवमा अतिरिक्त क्रियाकलापः एक झलक ५८
नेपाल विद्युत प्राधिकरणको ३७ औँ वार्षिकोत्सवको अवसरमा आयोजित अतिरिक्त क्रियाकलापहरू ५९
**साहित्यिक गतिविधिहरू** ६३
विद्युत्कर्मी साहित्यिक समाजका पदाधिकारी तथा सदस्यहरू ६६

पारिजात

# लाहुरेलाई एक रोगी प्रेमिकाको पत्र



१.

जीवनसाथी !
धेरै-धेरै प्यार
मलाई लाग्छ–
यी स्वतन्त्र उड्ने मलेवाहरूका घाँटीमा
एउटा हृदय उनेर पठाऊँ
एउटा हृदय जडेर पठाऊँ
एउटा प्रेमपत्र झुन्ड्याएर पठाऊँ
एक पल्ट दोहोऱ्याऊँ
शताब्दीअघिको प्रेमको भावुकता
तर, आजको सीमारेखा
कुन स्वतन्त्र चराले उड्न पायो र ?
यो कुँजिएको अस्तित्व
कुन सुस्केराले विश्वको हावामा बिसाउन पायो र ?

२

प्रिय !
हेर्नै नपाई आँखाबाट ओझेल भएका तिमीलाई
बोल्नै नपाई टाढा भएका तिमीलाई
मस्तिष्कमा उभ्याउने यथेष्ठ साधन नै छैन
रकेटको उडानले कल्पनालाई ढिलो बनाइसकेछ क्यार
मानचित्र राखेर उड्दाउड्दै पनि
दुर्घटनामा परिदिन्छ मेरो आतुरता
अब म... अब म
सात समुद्र पार गरेर आउँदिनँ

तिमीलाई यहीँ म मेरै चौतारीमा हेर्छु
किन भने शरीरसँगै मेरो मस्तिष्क पनि सीमित भएको छ
ढुङ्गामा परिणिता गौतमीजस्तै ।

३.
प्रिय !
प्रेम एक मृगतृष्णा
प्रेम एक चखेवाको लोभ
मेरा निम्ति प्रेम एक निर्जीव सत्य
मानौँ– काकाकुलको तिर्खा
मानौँ– घामलाई प्रेम गर्दागर्दै सूर्यास्तमा जाम परेको क्लिसो
यो नश्वर शरीर
यो अनन्त चाहना
तर, प्रेम दुई शरीरको मिलन
तिम्रो अँगालोभित्र म
मृत्युलाई छेकबार हालिरहेछ इच्छाको ताँती
प्रत्येक रात
आह !
म मेरा मीठा सपनालाई हेर्दै, पोल्दै गर्दै छु ।

४.
प्रिय !
तिमीले लेखेका थियौ–
म तिम्रो वालेटको तस्वीरमा मुस्कुराउँछु रे !
तिमी मलाई पाएर हराउन चाहन्नौ रे !
मेरो सम्झनापत्रले तिमीलाई 'फिनिक्स'ले झैँ ब्युँझाउँछ रे !
मेरो माया तिमीलाई वटवृक्षको मायालु छायाँ रे !
आह ! यी सब इतिहासबद्ध भइसके
कसरी मैले बाँचेको थाहै नपाई
एक लामो अवधि बिताइसकेछु
अब तिमी अवश्य पाउनेछौ मलाई

'फिनिक्स'लाई झैँ आफ्नै खरानीमा
जुनी फेरेको होइन
तर, भन्नै नपाई मनको कुरा
सधैँ-सधैँका निम्ति सुतेको निद्रामा ।

५.
प्रिय !
म मरिसकेँ
तिम्रो प्रेमलाई आफूसँग जलाइसकेँ; गाडिसकेँ
म सुतिसकेँ
सुत्नका निम्ति छँदै छ चीरनिद्रा
तर, बाँच्ने तिमी त भोलि ब्युँझन्छौ नयाँ घामसँगै
तिमी नरुनू सङ्घर्षलाई व्यङ्ग्य गर्दै
तिमी मान्छौ–
कति बलियो थियो मेरो अन्त्य ?
जसले अनन्तको एक हिस्सा चोइट्याएर लग्यो
कति बलियो मेरो मृत्य
जो अमरत्वलाई नै अधमरो बनाएर गयो
प्रेम मर्दैन तर यसलाई मार्नुपर्छ
मेरो अन्त्यजस्तै तिम्रो आरम्भ पनि बलियो हुनुपर्छ
अब यहाँ आउँछ यस पत्रको शेष
मेरो पत्रको शेष
तिम्रो 'फिनिक्स' को शेष
जीवनसाथी तिमीलाई
मेरो सबै प्यारको अवशेष !
■■

लोकविक्रम मल्ल

# यो देश मेरो भनी



खेल्दै चढ्न सकूँ हिमाल म स्वयम्, चौँरी र डाँफेसित
बुट्टा कोप्न सकूँ पहाड, पहरा, ऐश्वर्य आकर्षित
माटो सिँच्न सकूँ मुछेर पसिना, बाँझो तराई खनी
मैले के दिन सक्छु आज अहिले हो देश मेरो भनी !

ऊर्जास्रोत तमाम निर्मल नदी, यो राष्ट्रका वैभव
जे-जे द्रव्य पदार्थ छन्, खनिज छन्, हामी बनौँ भैरव
आफ्ना स्वच्छ तलाउ पर्यटनको, डुङ्गा चलाए पनि
ढाकाको पहिचान साथ म भनूँ, हो देश मेरो भनी !

ऊर्जाशील बनोस् बढेर गरिमा, विज्ञानले ज्ञानले
मेरो देश विकास गर्न जहिल्यै, लाग्दै रहूँ ध्यानले
पुर्खाको उपदेश दिव्य हितमा, अस्तित्व बाँकी छ नि
अत्याचार-विरुद्ध लड्न म सकूँ, हो देश मेरो भनी !

तातो रक्त नसा-नसा बगिरहोस्, यो राष्ट्रको शक्तिमा
मैत्रीपूर्ण समानता बनिरहोस्, बाधा नहोस् भक्तिमा
बैरी सन्निधि मुस्कुराउन लडूँ, पर्खालजस्तै बनी
पानी नै नपिऊँ म आज नभनी, हो देश मेरो पनि !

निष्ठा कम्बल होस्, इमान डसना, होस् वस्त्र उत्साहको
बोली सत्य बनोस् सही नजर होस्, आहार आयासको
सेवा धर्म बनोस्, पवित्र मन होस्, भ्रातृत्व साझा बनी
मैले अन्तिम श्वाससम्म लडूँ, हो देश मेरो भनी !!

*अत्तरिया ग्रिड शाखा, नेविप्रा*

हरिप्रसाद अधिकारी

# तर अहँ आएन सिंह सिंहदरबारमा



सिंहदरबार बनाउने डकर्मीले
सिंहनिवास भन्थानेर
हरेक जोडाइहरूमा
सिंहनाद खाम्ने गरी
सीप कुँदेको हुँदो हो !

सिंहदरबार बनाउने सिकर्मीले
सिंहासन बनाएर
द्वार, अटाली र खापाहरूमा
सिंह दर्शन-हेतु
कला पस्केको हुँदो हो !

बगैँचा सजाउने बगैँचे
घर सजाउने मजदुर
सिंहद्वार कुर्ने द्वारपाल
वन्यराजको पर्खाइमा
निर्वाह गरिरहँदा हुन् कर्तव्य ।

सिंहागमन दरबारको शान
फैलिएको हुँदो हो यत्रतत्र सर्वत्र
देख्नेहरूले देखे होलान्
लेख्नेहरूले लेखे होलान्
सिंहागमनको पर्खाइमा सिंहदरबार !

आगो र पानी खाएर
शिशिर र वसन्तको लुकामारी
झर्ने र पलाउने पालुवाको नियति
झिमिक्क आँखा नगरी
सिंहराजको बाटो हेर्दो हो सिंहदरबार ।

तर, अहँ अझै आएन सिंह
सिंहदरबारमा !!

■■

*अत्तरिया ग्रिड शाखा*

शारदादेवी पोखरेल भट्टराई

# सोच बदलौँ



आमा हुन् कि बुबा बढी वजनका ? कोसँग सोधूँ र म ?
छोरीको अपहेलना कति भयो ? कोसँग पोखूँ त म ?
मारिन्छिन् दिनकै दयालु मनका भण्डार जो सृष्टिको
आफ्नो माल हुने सधैँ गहकिलो के काम त्यो दृष्टिको ॥१॥

छोरीको गरिँदैन चाख घरमा, जन्मे नि दुःखी हुने
छोरोमात्र हुने सुपात्र घरको, झर्के झन् खुशी हुने
त्याग्छिन् प्राण तिनी बलात्कृत भई, खै को चनाखो हुने ?
ब्वाँसाकै रूप हुन् कि मानिस भनूँ, मारेर बाठो हुने ॥२॥

इच्छा हुन्न मिलेर काम गर जे, हेप्छे कि भन्ने डर
धेरै चोट नदेऊ योग्य जनले, हाम्रो नि मानौँ भर
चाहन्छौँ जहिले इमान पहिले, छोडेर ठूलोपन
भा'का छौँ अहिले जवान जहिले जोडेर आफ्नोपन ॥३॥

वास्ता हुन्न ढिलो हुँदा समयको, छोरा हुनेको मन
छोरा सम्पत्ति हो भनेर जनले, स्विकार्छ जे गर्छ झन्
सत्ताको सुखभोगमा लिन हुँदा, अश्लील होला गति
चल्ने हो परिवारले मन दिए, हाँसोखुशी जिन्दगी ॥४॥

के गर्छन् महिला भनेर मनमा, सोच्दै नसोचौँ जब
गर्छन् जागिर कोही काम घरको, हेप्दै नहेपौँ अब
खोज्छन् काम सदा सिकिन्छ कि नयाँ, गर्ने कसैको गुन
गल्ती होस् त कतै सहन्न मन यो, निक्लिन्छ साँचो धुन ॥५॥

बोलेको त छ संविधान अहिले, नारी भलोका कुरा
खाली कागजमा भए नियम ती, वाचा भएनन् पूरा
आफूमा हुनुपर्छ सोच पहिला मैले सकेँ के दिन ?
मान्छे हुन् महिला लिएर पथमा, शालीनताले चुम ॥६॥

नारायणप्रसाद आचार्य

# राष्ट्र महिमा



सयौँ छन् देश धर्तीमा, अस्तित्वमा सधैँ तर
विश्वको माथ यो यौटा, हो वीरहरूको घर ।
सिङ्गै प्रकृतिको खानी, धर्तीकौ एक स्वर्ग हो
शिवको लोक यो भूमि, सृष्टिकै पहिलो घर ॥१॥

लोभ गर्छन् झरी आऊँ, देवताहरूले पनि
स्वर्गभन्दा नि माथि छ पवित्र देश यो भनी ।
तपस्विको तपोभूमि, यो ऋषिमुनिको घर
बयान कसरी गर्नु, घुम्छिन् प्रकृति निर्भय ॥२॥

बोकेर औषधी गुण, उम्रन्छन् झारपात नि
निर्मसी, पाँचऔँले र यार्सागुम्बाहरू बनी
जता जाऊँ, उतै मिल्छन् जडिबुटी थरीथरी
घरीघरी झरिरन्छन् देव वैद्यहरू पनि ॥३॥

सिलाजित बनी झर्छन्, ढुङ्गा रसाउँदा पनि
घोली खनिज पानीमा, निस्कन्छन् औषधी बनी
सुसेली गीतका भाका, झर्छन् हिमालबाट जो
चाँदीको टल्कने सेता, गर्विलो माथ विश्वको ॥४॥

माटो सिम्रिकझैँ चोखो, चढाई देव माथमा
पूजा गर्न छ है योग्य, मिलेर एक साथमा ।
माटो भेटिन्छ यहाँको, स्थानैपिच्छे थरीथरी
फल्छन् अम्रितझैँ मीठा फल, अन्न उसै गरी ॥५॥

आँखा चिम्म गरी सोचेँ, के-के रै'छ नपाइने ?
सबै कुरा मिले यहाँ, मात्र नेतृत्व चाहिने !
युगौँदेखि कुरिबस्दा भेटिएन कसै गरी
सबै स्वार्थी भए नेता, त्यस्तै मिल्छ घरीघरी ॥६॥

*उपनिर्देशक, नेविप्रा*

राजेन्द्र अधिकारी

# स्वदेशमै रमाउन सिकौँ



हाम्रो देश अपार जाँगरहरू बोक्नेहरूको बनोस्
साँचो सुन्दरता छ यो प्रकृतिमा बुझ्नेहरूको बनोस् ।
झर्ना झर्झर गर्दछन् थरीथरी सौन्दर्यका खानी छन्
हावामा पनि पोष मिल्दछ मिठो यै राष्ट्रका मान हुन् ॥

खानीमा भरिपूर्ण यो भुवनको यिन्लाई चिन्ने गरौँ
माटो उर्वरता छ यो अब छिट्टै सोही बमोजिम गरौँ ।
पानी भन्दछ यो बगेर अब त ऊर्जा बढाऊ छिटो
वृक्षादिहरू भन्दछन् अब यहीँ फर्केर आऊ ठिटो ॥

गोर्खालीहरू वीर हुन् जगत्का भन्छन् सबैले यहाँ
कोही आऊ अघि सरेर अब त भन्दै छ माटो यहाँ ।
साँच्चै नै अब दीर्घसोच नभए बन्दैन है देश यो
आऊ हात मिलाई बढ्नु छ अघि नेपाल राम्रो छ यो ॥

आफ्नो देश विकास गर्नु छ छिट्टै त्यागेर स्वार्थै सब
उद्योगीजनको जरुरत भयो, आऊ अगाडि अब ।
दृष्टि दूर बनाउँदै अघि बढौँ हे राष्ट्रका गौरव
आफ्नै देश विकास गर्नु छ छिट्टै जुटेर हामी सब ॥

भिड्ने काम नगर्नू यो बुझ्नुहोस्, साँढे–जुधाइ भयो
आफैँ आफ भएर हुन्न अब त यस्ले नगर्नु गऱ्यो ।
आफैँबाट सुधार गर्न नसके सूध्रन्न सारा जन
शिक्षा, नैतिकमा रही सब जुटौँ भन्दै छ मेरो मन ॥

■■

*ने.वि.प्रा. भद्रपुर वितरण केन्द्र, भद्रपुर, झापा*

लक्ष्मण घिमिरे



# बिजुली, बजै र नाति

बजै– जमाना के आयो यस्तो भनी म बूढी पर्छु रनभुल्ल
नबुझी-नबुझी देख्छु सबै रमिता अनि हुन्छु जिल्ल ।
बग्छ नाङ्गो तारमा बिजुली निस्कन्छ पानीमा कसरी ?
हे नाति केटा ! बताइदे मलाई रहस्य एकएक गरी ॥१॥

हेर्दा बाकस, टिभीभित्र नाच्छन्, उफ्रन्छन केटाकेटी
अट्छन् यसमा कति जना र देखिन्छन् एकै चोटी ?
बज्छ रेडियो गाउँछ गीत हामीले गाउने जस्तै
मोबाइलमा गफ गर्दा आवाज नि आउने उस्तै ॥२॥

थाहा पाउन सकिनँ मैले जति लगाउँदा नि युक्ति
पार्छ मूर्च्छा, दिन्छ झड्का बिजुली के हो यस्तो शक्ति ?
पढाएँ, लेखाएँ बाबू नाति, बनाए इन्जिनियर पनि
जान्छ कि सास मेरो ढुक्कले यति ज्ञान पाएँ भनि ॥३॥

नाति– तिम्रो जस्तै टुकी-दियालोको जमाना कहाँ छ र अझै
विज्ञानले गर्‍यो चमत्कार तापनि कति लाटी यी बजै !
जान्न चाह्यौ बजै तिमीले बिजुलीको आविष्कार
थोमसनको इलेक्ट्रोन नै हो यो रहस्यको आधार ॥४॥

टिभी, मोबाइल, रेडियो देखेर पो रै'छिन् यी बजै दङ्ग
इलेक्ट्रोन चिज छ सूक्ष्म, बग्छ कणकणमा तरङ्ग ।
बगेको पानीले घुम्छ मोटर, निस्कन्छ त्यसमा बिजुली
बग्छ सलसल धातु धर्सामा माइनस-प्लस नमिली ॥५॥

बिजुलीको शक्ति बन्छ ध्वनि, ताप, प्रकाश
त्यै शक्ति प्रयोग गरी भर्छन् तरङ्गले आकाश ।
तरङ्गलाई टिपेर चल्छ टिभी, मोबाइल, रेडियो
यति ज्ञान पाएपछि बजै, बिजुली तिर्खा मेटियो ? ॥६॥

■■ *सिभिल इन्जिनियर, त्रिशूली ३ बि हब सबस्टेशन आयोजना, नेविप्रा*

भोला शर्मा

# कोरोना



ए कोरोना ! तेरो परिचयको प्रष्टता नै छैन, तर पनि उत्पत्ति कसरी भयो ?
तेरो जन्मकुण्डलीमा मानिस वा प्रकृति को चाहिँ जन्मदाता रह्यो ?
चीनको बुहानबाट आइस् रे संसारभर छाइस्
तेरो विश्वव्यापीकरण शीघ्र भयो, मानिस-मानिसबीचको दूरी बढाइस् ।

तेरो आयु र अस्तित्वमा पनि अनेक-अनेक हल्ला आए
विश्वास गर्ने वा नगर्ने, अनाहकमा लाखौँले ज्यान गुमाए
गर्मीमा तेरो संसार सकिन्छ भन्थे तर तँ गर्मीमै मौलाइस्
भौतिक संसारको घनिष्ठता घटाएर पछिल्लो समय तँ बिछट्टै बौलाइस्
तँ बौलाएर कतिका सिन्दूर पुछिस् त कतिका सम्बन्ध तोडिस्
विगतमा नाजुकलाई समाउने तैँले अब त सबैलाई समाउन थालिस्
विपत्ति नभनौँ क्यारे भनौँ भने तँ बाजा बजाएरै आइस्
तेरो सूरतालमा नाच्न नसक्नेलाई सजिलै तैँले यमलोक पुऱ्याइस् ।

अस्पतालहरू खचाखच बनाइस्, अरू बिरामीले उपचारै पाएनन्
उपचार नपाएरै कतिपय ती कोरोनाविहीनहरू यो संसारमै रहेनन्
आयु त तेरो सकियो भन्थे तर तैँले फरक स्वरूप बनाइस्
फरक-फरक भेरिएन्टका नाममा आफ्नो क्रियाशीलता झन्झन् बढाइस्
मानिसको बाँच्न पाउने नैसर्गिक अधिकार यत्तिकै हरिस्
सुन्दर संसारको मानव-जीवनलाई तैँले के-के गरिस्, गरिस्
मुलुक-मुलुकको अर्थतन्त्र यसबीच बेस्सरी बिग्रियो
उत्पादनले बजार नपाउँदा किसानको जोश-जाँगर यत्तिकै सिद्धियो ।

बजार छ त केवल मास्क, सेनिटाइजरलगायत औषधिजन्य वस्तुको
रीतिरिवाज, चाडपर्व सिध्याइस् तैँले, सिध्याइस् जीवन मोजमस्तीको
खोप आइसक्यो, अब आशा छ– तेरो दुःखद् अवसानको
छिट्टै मानव-जीवन सुखमय हुनेछ; हुनेछ विजय विज्ञानको ॥

*सहायक निर्देशक, तनहूँ जलविद्युत आयोजना, नेविप्रा*

# सागर शिवाकोटी

# स्वर्ग



मलाई
एउटा लामो लौरो चाहिएको छ
तिखो, लामो लौरो
त्यो लौरोले म सुरुमा हावा छेड्छु
त्यसपछि बादल छेड्छु
अनि आकाश छेड्छु
हावाको चिसो
बादलको सेतो
र, आकाशको नीलो छेडेर बनेको प्यालबाट
बैशाखीमा हिँडिरहेका
देवताका पाइताला देखिन्छन् होला
नाच्न नजान्ने इन्द्रको आँगनमा
नाचिरहेका अप्सरा देखिन्छन् होला ।

पेन्सनको लाममा रिटायर्ड वृद्धजस्तै
८४ लाख जन्म-मृत्युको दस्तुर तिरिसकेर
ब्रह्मामा लीन हुन नाम लेखाएर
पालो पर्खिरहेका आत्माहरू देखिन्छन् होला ।

मोटो सिसाको चश्मामुनि
लामो सेतो दाह्री पालेको
५००० वर्ष बूढो चित्रगुप्तले
धुलो लागेको पुरानो ढड्डामा
स्वर्ग जाने र नर्क जानेहरूको
नाम जाँच्दै गरेको देखिन्छ होला ।

उनी बस्ने मेचपछाडिको
सानो कालो खोपीबाट
स्वर्ग पठाउनुपर्ने अपराधीहरूको गोप्य सूची
कसैले दिँदै गरेको देखिन्छ होला ।

सुटुक्क
स्वर्गको एउटा टुक्रा जग्गा
नर्कको नाममा पास गर्न
इन्द्र र यमराजबीच
वार्ता भइरहेको देखिन्छ होला ।

कीराले मक्काएको
कल्पवृक्षको हाँगामा फलेका
अमिला, तीता, नमीठा
फल खाएर
बान्ता गरिरहेका देवगणहरू देखिन्छन् होला ।

मलाई
एउटा लामो लौरो चाहिएको छ
तिखो, लामो लौरो !

■■

*सहायक प्रबन्धक*
*समुन्द्रटार त्रिशुली ३, बी हब १३२ के.भी. प्रसारण लाइन आयोजना*
*आयोजना व्यवस्थापन निर्देशनालय*

रीता चालिसे

# झूटको खेती



झूटको खेती गर्दिनँ भन्छु
नशा भई सल्बलाउँछ शरीरभरि
तन-मनले नै
झूटको सहारा लिएपछि
लाग्छ– सत्य त मैले
जन्माँ अघि नै त्यागिसकेको छु ।

कति बलवान रहेछ यो
न कुनै बादलले मडार्न सक्ने
न कुनै सत्यले बढार्न सक्ने
न सुनपानी छर्की चोख्याउन नै सक्ने !

मौलन्छन्, सप्रन्छन्
यी झूटका खेतीहरू
गह्लागह्लामा हरिया चिल्ला भई लर्कन्छन्
मानौँ एक सोह्र वर्षीया युवतीझैँ ।

डरलाई किन्न सक्दो रहेछ
इज्जत कमाउन सक्दो रहेछ
सारा संसार जित्न सक्दो रहेछ
यस नगदे बालीले
यश, आराम सबै किन्दो रहेछ ।

पाइलैपिच्छे
मलजलका पसल
बाली भित्र्याउने ठूला महल
बन्द कोठाभित्र
बाली चुटेका सामल ।

सुनौला, हरिया अन्नदानाहरू
यत्रतत्र छरिएको देख्दा
लाग्छ, मेरो देशमा
वर्षौंदेखि यस्तै
झूटको खेती मौलाएको रहेछ ।

■■

*माटो ढुङ्गा तथा कङ्क्रिट प्रयोगशाला, ने.वि.प्रा.*

# रचना पठाउन अनुरोध

*यस अमरज्योति साहित्यिक त्रैमासिक पत्रिकाका लागि स्तरीय साहित्यिक रचना पठाउनुहुन समस्त लेखक/साहित्यकार एवम् साहित्यमा अभिरुचि हुने पाठकवृन्दमा हार्दिक अनुरोध गर्दछौं ।*

*रचना विद्युत्कर्मी साहित्यिक समाजको कार्यालय, नेविप्रा, रत्नपार्कमा दिनुहुन, 'अमरज्योति'सित सम्बन्धित महानुभावहरूलाई दिनुहुन अथवा तल उल्लिखित इमेलमार्फत पठाउन सक्नुहुनेछ–*


**विद्युत्कर्मी साहित्यिक समाज**
**नेपाल विद्युत प्राधिकरण**
**रत्नपार्क, काठमाडौं, नेपाल**
**विद्युतीय ठेगाना:** amarjyoti@nea.org.np
**फोन नं. : ०१–४१५३०८९**

कपिलचन्द्र बस्ताकोटी

# किन कफिनको लास बनूँ ?



(१) मलाई बुद्धिहीन, अविवेकी भने नि भनून्
पृथ्वीकै नामी पागलमा गने नि गनून्
आखिर जतातते कोलाहल र हाहाकार मच्चिँदा
सबै फर्केर आउने त गाउँमा नै रै'छ भने
म व्यर्थै किन शहर पसूँ ?

(२) मलाई अल्पज्ञानी, अहङ्कारी भने नि भनून्
पशुसमान कुलङ्गारमा गने नि गनून्
आखिर अमूल्य शरीर मृत्यको पञ्जामा पर्न लाग्दा
सबै उम्केर आउने त गाउँमा नै रै'छ भने
म व्यर्थै किन विदेश बसूँ ?

(३) मलाई बेसरम, निर्लज्ज भने नि भनून्
गतिछाडा पाखण्डीमा गने नि गनून्
आखिर रहरै रहरमा अमेरिका र बेलायत पुग्दासमेत
सबै सम्भेर आउने त गाउँमा नै रै'छ भने
म व्यर्थै किन अर्काको गुलाम बनूँ ?

(४) मलाई गोज्याङ्ग्रो, लौँडे भने नि भनून्
देशकै निकृष्ट नागरिकमा गने नि गनून्
आखिर समस्या पर्दा खा'को जागिरसमेत चटक्कै छाडी
सबै जन्मेकै गाउँमा फर्कनुपर्ने रै'छ भने
म व्यर्थै किन डिग्रीका लागि घुँडा धसूँ ?

(५) मलाई अबुभ, पटमूर्ख भने नि भनून्
घोसमूढो हरिलट्ठकमा गने नि गनून्
आखिर चराहरूजस्तै स्वतन्त्र मृत्युवरण गर्न
जन्मेको ठाउँबाहेक अन्त कतै नपाइने रै'छ भने
म व्यर्थै किन कफिनको लास बनूँ ?

■■

*सहायक निर्देशक, नेविप्रा*

**शारदा पराजुली**

# मेरा पाइला



मेरा पाइला कतातिर लम्किन्छन् ?
यी हातहरू कतातिर सल्बलाउँछन् ?
अरू केही सिकाउने अधिकार
छैन अब तिमीलाई !

जब म तिम्रो हरेक पाइलाको
अनुशरण गर्दै थिएँ
तिमीलाई साथ दिने कसम खाँदै थिएँ
तर, तिम्रो बुद्धि भ्रष्ट हुन थालिसकेको रहेछ !

अब घमण्डी तिम्रा ती नजरहरू
विलासितामा चुर्लुम्म डुबेका
मनोग्रन्थीहरूमाथि
मैले मलहम-पट्टी नलगाउने
कसम खाइसकेकी छु ।

अब फेरि घुमीघुमी
मलाई जालमा फसाउने कोशिश नगर
म स्वतन्त्र भई बाँच्न चाहन्छु
मेरो सफलताका पाइलाहरू
म आफैँ कोर्न चाहन्छु ।

■■

*माटो, ढुङ्गा तथा कङ्क्रिट प्रयोगशाला, नेविप्रा*

हेमराज बस्याल

# फरक छ नि !



छतमा भिज्नु र छत चुहिएर भिज्नुमा
फरक छ नि !
रोपाईंको हिलोमा पोतिनु र
हिलोको बाढीमा घरसँगै जोतिनुमा
फरक छ नि !
पानी परेको बेला नाच्नु र
पानी परेकै बेला खुला आकाशमा बाँच्नुमा
फरक छ नि !
साउने सोमबार उपवास बस्नु र
साउने झरीको हिले बाढी
घरखेतमा पस्नु अनि
भोको पेट पटुकीले कस्नुमा
फरक छ नि !

पानी र झरीमा फरक
रोड र करोडमा फरक
खोला बग्नु र खोलाले बगाउनुमा फरक
समग्रमा
पहिले र अहिलेको मेलम्चीमा फरक
अहिले र पहिलेको हेलम्बूमा
फरक छ नि !
त्यसैले त
भत्केको मेलम्ची
बिग्रेको सडक
दुखेको मन र थकित तनलाई
उठाउनु छ, बनाउनु छ, सपार्नु छ
तर, लेखिएको कविता
र, देखिएको दृश्यभन्दा
भोगिएको जिन्दगी धेरै
फरक छ नि !

## मातृकाप्रसाद सङ्ग्रौला

# साहित्य, सङ्गीत, कला



मानिसको जन्म धरामा भयो पौरख केही गर्नलाई
साहित्य, सङ्गीत, कला सजिलो विश्वमा छर्नलाई ।

यसैले सधैँ छटपटिने मनलाई एकै छिन भुलाउँछ
एक्लो भै कहिल्यै बस्नुपर्दैन हरेक ठाउँ डुलाउँछ ।

सही बाटो हिँड्न साहित्य, कला सबैलाई सिकाउँछ
अल्पायु चोला; मरिन्छ, मानिस जीवितै देखाउँछ ।

हजारौँ सज्जनहरूका बीच यसैले पुऱ्याउँछ
सबैको मनमा डेरा जमाउँछ, हँसाउँछ, रुवाउँछ ।

जीवन जीउनलाई उज्यालो छर्छ, अँध्यारो हटाउँछ
यसैलाई मानव जहाँ लगी छाड्छ, ऊ त्यहीँ अटाउँछ ।

सन्तानको खुशी यसैले दिन्छ ऊ कहिल्यै मर्दैन
मेरो चिनारी बाँडिदिनू है ! भनेर भन्नु नै पर्दैन ।

■■

*मातृकला साहित्य आश्रम लोक बाजा संरक्षण*
*मे.न.पा.-१२, झापा, फोन नं. ९८४२६३३४६६*

## नारायण रेग्मी

# सडक मान्छे



सडकका पेटीहरूमा मूत्रछाप छोड्दै
तनक्क खुट्टा तन्काएर गर्ल्याम्म पछारिन्छ
लतारिँदै पछारिँदै रगताम्मे शरीर
घिसारेर बेसुर हिँडिरहन्छ
एक सडक मनुष्य ।

रुँदै, कराउँदै भित्ताभित्ताहरूमा चिथोरिरहन्छ
सपनाका डोबहरू भेटिन्छन् कि भन्दै
सुकिलो सुरुवालको फेरो समाउँदै
पैसा-पैसा भन्दै हात तेर्स्याइरहन्छ
जगल्टा फिँजाउँदै टाउको ठोकिरहन्छ
अजीव त्यो अनन्तयात्री, सबैको सेवक
बिचरा ! ऊ थियो एक सच्चा भू.पू. राष्ट्रसेवक ।

चुरोटका कैय्यन् ठुटाहरू सम्हाल्दै
गोजी भर्दै भौँतारिइरहेछ, प्रियसीको खोजीमा
धुलाम्मे हात टकटक्याउँदै
लाइटर बाल्छ, देख्छ ज्वालाभित्र
जिन्दगीको नमीठो सपना
एक खिल्ली चुरोट सल्काउँदै
पिइरहेछ जिन्दगी खोक्रो आमाशयभित्र
केवल धुवाँ पिइरहेछ
बिचरा ! ऊ थियो एक सच्चा पागलप्रेमी !

दुई थरी चप्पलका डोबहरू
हिलाम्मे सडकमा पड्काउँदै
हिँडिरहेछ सल्किरहेको जिन्दगी
ठूटो नमेटिँदासम्म निरन्तर-निरन्तर
अनन्तसम्म...
धुवाँले भरिएको फोक्सो
निचोर्दै, थिचोर्दै
आँसुका भेलहरू सडकमा पोखिरहन्छ
बेजोड हाँस्छ घरीघरी
क्षितिज थर्किने गरी
अस्थिपञ्जर शरीरवाला मुन्छे ऊ
गोलीका छर्राहरू बोकेर भौँतारिइरहेछ
अझै फोहोरका डङ्गुरहरूभित्र
बिचरा !
ऊ थियो एक सच्चा देशभक्त नागरिक !

■■

*सहायक प्रबन्धक, नेविप्रा (९८५११४७४५४)*

## गजेन्द्रप्रसाद श्रेष्ठ

# परिवर्तन



हिरोशिमा र नागासाकीमा परमाणु बमको हमलापछि
जापानका यी दुई शहरहरू तहसनहस भएपछि
दोस्रो विश्वयुद्धको अन्त्यसँगै
विश्वजगत्मा धेरै उथलपुथल भए
कैयौँ परिवर्तन भए
त्यो परिवर्तनको हावाले
सायदै देशहरू अछूतो रहे
तर, प्रभाव भने भिन्नभिन्न रहे
कुनै मुलुकले कायापलट गरे
कुनै मुलुक अहिलेसम्म बामे सर्दै रहे
परिवर्तन केमा त ?
आर्थिक परिवर्तन, सामाजिक परिवर्तन
सांस्कृतिक परिवर्तन, राजनीतिक परिवर्तन
म नेपाली, मेरो देश नेपाल !

मेरो देशमा पनि मैले
आर्थिक परिवर्तनको अनुभूति गरेको छु
पहिले पैसाका मात्र कुरा हुन्थे
अहिले रुपैयाँ र डलरका कुरा हुन्छन्
उहिले सयमाथिका कुरै सुनिन्न थिए
अहिले करोडमुनिका कुरा हुन्नन्
झिँगटीले छाएका झुपडीको गाउँ फेरिएर अहिले
गगनचुम्बी महलले भरिएका शहर कहलिएका छन्
मेरो देशमा पनि मैले
सामाजिक परिवर्तनको आभाष पाएको छु

कुवा र पँधेरोको पानीमा बानी परेका हामी
अहिले मिनरल वाटर भन्न सिकेका छौँ
गाई र भैँसी पाल्न सिकेका हामी
अहिले कुकुर र बिरालो पाल्न शौखिन छौँ ।

मेरो देशमा पनि मैले
सांस्कृतिक परिवर्तन महसूस गरेको छु
दाल, भात अनि गुन्द्रुक-ढिँडोमा मन रमाउने हामी
पिज्जा र बर्गरमा मुख मिठ्याउन सिकेका छौँ
रोदी र दोहोरीका संस्कृतिलाई भुलेर हामी
डिस्को र बारमा रमाउन थालेका छौँ ।

मेरो देशमा पनि मैले
राजनीतिक परिवर्तनको त ठूलै अनुभव गरेको छु
२००७ सालको प्रजातन्त्रपछि
कहिले निर्दलीय त कहिले बहुदलीय
उहिले राजतन्त्र
अहिले गणतन्त्र
सत्ताको नाममा परिवर्तन
सत्ता चलाउने अनुहारमा परिवर्तन
तर, खै जनअनुभूतिमा परिवर्तन आभाष ?
तैपनि म नेपाली
यही परिवर्तनमा दङ्ग छु
सायद परिवर्तन भनेकै यही हो भन्दै मख्ख छु ।

■■

*भक्तपुर*

## राजुप्रसाद तिमल्सिना

# सङ्घर्षमय जीवन



अँध्याराका पानाहरू पल्टाउँदै
ती अँधेरी रातमा सालका पात सुस्केरा हाल्दै
अतितका दिनहरू सम्झँदै गर्दाका ती क्षण
मानसपटलमा दिनरात टहलाइरहन्छन् ।

झरी, बादल, भेल अनि रुढालाई धकेल्दै
धर्तीमातालाई अढेसा लगाई धुरुधुरु रुन्छ
प्रकृतिको विपत्ति अनि गरीबको जुनी
जीवनकाल सदासर्वदा चलिरहन्छ ।

बिहानको सूर्यको किरणमा ऊ टलपलाउँदा
बालापनमा आमाको न्यानो काखलाई झकझकाउँछ
खडेरीको घाम र आमाको पीडालाई सम्झँदै
ऊ भौंतारिएर पोखरीको डिल सुमसुमाउन पुग्छ ।

गाउँले जीवनको परिवेशमा पढाइलाई थाँती राख्दै
हलो, कुटो, कोदालोमा रमाउने बानी गर्दा
आजभोलि त ऊ कताकता चहारिरहेको हुन्छ
पिपलको छहारीमा बसी बैंसी खेतको हलो निहाल्छ ।

जीवन जवानी भयो घरजमको सुरसार छैन
सहाराको भूमिमा आमा-बाको बिछोडको पललाई
सुस्केरा हाल्दै, धर्तीमातालाई लात्ताले हान्दै
पहाडको उकालोको ओडारे ढुङ्गामा खुट्टा बजार्न पुग्छ ।

जीवनको भोगाइ अनि गराइले परिपक्वता निम्त्याउँछ
वितृष्णा अनि घृणाको भाव मनमा उमार्न नदिई
भित्रभित्रै जलाएर खरानी बनाउँदो रहेछ
त्यसैले त ऊ भन्दो रहेछ– जीवन सङ्घर्षमय हुँदो रहेछ !

*लेखापाल, नेविप्रा, वितरण प्रणाली सुदृढीकरण तथा बिस्तार आयोजना*

**पवन विश्वकर्मा**

# देशको माया



देखेको छु इन्द्रेणीमा सपना
भर्नु छ अभावको भकारी
निचोरेर फाल्नु छ दमनको पिलो
पढाउनु छ, नैतिकताको पाठ
फुलाउनु छ समृद्धिको सौन्दर्य र
पूरा गर्नु छ सचेत हुनुको जिम्मेवारी
त्यसैले
बन्द गरियोस् महोदय
खुट्टा गिँडेर कुद्न लगाउने परम्परा
जिब्रो काटेर बोल्न लगाउने चलन !

अभावले लखेटिएर कुद्नुपर्छ
अत्याचारले, थिचिएर बोल्नुपर्छ
मलाई थाहा छ
रोग भोक र विपद्को
जात हुँदैन
धर्म हुँदैन
भाषा हुँदैन
भेष हुँदैन
र, देश हुँदैन
तर, तिमी रोग, भोक र विपद्को
जात, धर्म र भाषाको राजनीति गर्छौ
त्यसैले
बन्द गरियोस् महोदय
खाडीमा पसिना बगाउने श्रमिकको

नाम बेचेर
बहादुर शहीदको
रगत बेचेर गर्ने
पवित्र समाजसेवा
घुसखोरी भलाद्मीहरूको जस्तो
कमजोर धागोमा उन्ने काम
अनि, भ्रष्टाचारी नेताको जस्तो
चिप्लो भाषण !

अब
नगिरोस् देशको स्वाभिमान
नमिचियोस् देशको सीमा
भोको पेटले बोक्नुनपरोस्
राष्ट्रिय झण्डा
खोज्नुनपरोस् भावी पुस्ताले
इतिहासको ठेलीमा
मेरो देशको नाम
जन्मदिनको केकजस्तो
काटेर टुक्राटुक्रा
नबाँडियोस् महोदय मेरो देश !!
जय मातृभूमि ! जय नेपाल !!

■■

*वरिष्ठ सहायक, नेविप्रा, लगनखेल वितरण केन्द्र*
*फोन- ९८५११४७९४१*

मेघमणि गौतम

# वसुदैव कुटुम्बकम्



मानव-सभ्यता, संस्कृति, रीतिरिवाज, धर्म र कर्म पनि
स्वयम् खण्डित गर्ने प्रकृतिले विकासमा अन्याय भो भनी ।

पालना गरी सनातन गति, मति, रीति, थिति औ चिन्तन
शाश्वत आनन्द सुन्दर हुने मानवको हृदय अन्तर मन ।

भुली यो दिव्य कुरा हामी अझै किन गर्छौं हर्कत अनौठा
आखिर परिणाम भोग्दै छौँ सबै रोग, भोक, शोकका अगुल्टा ।

ज्ञान, बुद्धि, विवेक, प्रेमादि जति छन् अमूल्य निधि हामीभित्र
खोजौँ अनि भोगौँ अमृतको कर्म शिल्पादि हुन् दिव्य मित्र ।

मिली बढाऔँ आत्मविश्वास धैर्यता मनको नभै हतास कति
जितिन्छ विघ्न, बाधा सहजै रोग, भोक, सन्ताप छन् जति ।

मानिस अघि बढ्छ निरन्तर जति परून् विघ्न, बाधा, सङ्कट
हार्दैन कहिल्यै प्रलयमा पनि जोडी नाता वसुदैव कुटुम्बकम् ।

पृथ्वी साझा घर हो सबको, जति छन् सजीव प्राण सृष्टिमा
नाता राखौँ वसुदैव कुटुम्बकम् सदा हे मानव हृदय दृष्टिमा ।

*सुदूरपश्चिम प्रादेशिक कार्यालय, नेविप्रा, अत्तरिया*
*मो. ९८४९३०७४४४*

चन्द्रकान्त अधिकारी

# मेरो घोषणापत्र



आमा ! म शरहमा जागिर खान्नँ ।

किन छोरा ?
मितिले खोजेजस्तो, तिम्रो सपनाले रोजेजस्तो
बिल्कुल छैन है आमा यो शहर
सबैभन्दा तिम्रो पदचाप छैन
अरू के–के छैन, थाहा छ आमा यहाँ ?
त्यो गैह्रीखेतमा झुलेको धान छैन
लामो गह्रामा फुलेको तोरीबारी छैन
वर–पिपलको चौतारी
माथिल्लो गह्रा, तल्लो गह्रा
त्यो दुधालु कैलु गाई
फुर्के र माले जोर गोरू केही छैन आमा यो शहरमा
म यो शहरमा जागिर खान्नँ है आमा !

थाहा छ आमा ! यहाँ आफ्नासँग बोल्ने
बोले पनि मन पेट खोल्ने फुर्सदै हुन्न
आफ्ना पनि बिराना लाग्ने
बूढाबूढीलाई छुट्टै आश्रम पठाउने
सरलताले कसैलाई छुन्न आमा यहाँ
धनबाहेक अरू मूल्याङ्कन हुन्न
भित्र ढाँट अनि बाहिर ठाँट
यस्तो चलनको शहरमा म जागिर खान्नँ है आमा !

म पढेर गाउँ फर्किन्छु है आमा
सेवा आयोगका पाठ घोक्दिनँ
घुसको भुँडी बोक्दिनँ
शहरका रेलिङ भाँच्दिनँ आमा
तिमीसँग भोट मागी शहर पस्नेको पछि लाग्दिनँ
देश छाडी डलरको लागी विदेश भाग्दिनँ आमा !

चुच्चे नक्सामा हराएको सिमाना खोज्नु छ मलाई
गाउँकै दाजुभाइको सेवा रोज्नु छ मलाई
बाल्नेछु ज्योति अब गाउँमा
खोल्नेछु उद्यम, ओखती अनि गाउँमा
त्यसैले म यो शहरमा जागिर खान्नँ है आमा !

■■

*नेपाल विद्युत प्राधिकरण, पदपूर्ति विभाग*
*९८६२२७१६९७*

## मनुकुमारी पुलामी मगर

# ने.वि.प्रा.को साथ



अन्धकारको त्रास र छालमा पनि
सुरक्षित महसूस गर्छु तिम्रो साथमा
तिमीमा नै समर्पित भएकी छु म पनि
पूर्ण रूपले मेरो रक्षा गरेकोमा ।

तिम्रो प्रशंसक भएँ म पनि
जो खोजेर पाइन्न अरूमा
जो सँग छैन त्यो गुण पनि
सारा छ तिमीमा ।

मेरो मनको कुना-कन्दरामा पनि
देशको कुनाकाप्चामा
पुग्न सक्छु अब कठिन स्थानमा पनि
जबसम्म तिमी छौ मेरो साथमा ।

डराउने छैन कुनै रातमा पनि
बस्न पाए मात्र तिम्रो छायाँमा
प्रत्यक्ष होस् या अप्रत्यक्ष पनि
तिम्रो सहभागिता छ हरेक स्थानमा ।

तिमीबाटै सम्भव छ, आर्थिक क्रान्ति पनि
सहयोगी बनेको छ रोजगारीमा
भित्र्याउनु पर्छ सेतो डलर पनि
अब पुग्नुपर्छ विदेशमा ।

सम्भव छ जल यातायात पनि
सहयोगी पर्यटकीय आयाममा
समयको बचतमा पनि
प्रविधिमैत्री वातावरणमा ।

वन–जङ्गलको संरक्षणमा पनि
वातावरणीय स्वच्छताको आयाममा
उज्यालोको विकासमा पनि
महत्त्वपूर्ण भूमिका छ, ऊर्जाको विकासमा ।

हात छ तिम्रो पनि
देशको समृद्धिमा
देशलाई हरेक पक्षबाट सहयोग गर्ने पनि
ने.बि.प्रा.को काँधमा ।

स्तुति गाउँछु तिम्रै अनन्तसम्म पनि
हरेक क्षण, हरेक प्रहरहरूमा
धन्यवाद छ ने.बि.प्रा. लाई
उज्यालोमा बस्न पाएकोमा ।

■■

*प्रणाली विभाग, नेविप्रा, काठमाडौँ ।*

विनोद सुवेदी 'हिमचुली'

# ऊर्जा



ऊर्जामा गरौँ लगानी, हुनेछौँ सुरक्षित हामी
मेरुदण्ड हो ऊर्जा अर्थतन्त्रमा सबैको लागि
विदेशी नेपाली, स्वदेशी नेपाली आपसमा जुटौ
ऊर्जालाई गति दिन अहोरात्र हामी आफैँ खटौँ ।

उत्पादन क्षमता बढाऔँ, प्रसारण लाइन बिस्तार गरौँ
मर्मत-सम्भार सुचारु गरौँ, सेवा प्रभावकारी बनाऔँ
महसुल रकम घटाऔँ, ग्राहकवर्गमा सुविधा प्रदान गरौँ
सम्पूर्ण वर्गका ग्राहकबाट वक्यौता असुल समयमै गरौँ ।

देशको समग्र विकासमा ऊर्जालाई सशक्त बनाऔँ
ऊर्जामार्फत देशको अर्थतन्त्र अझ सुदृढ बनाऔँ
भरपर्दो नियमित ऊर्जा विकास गरी लोडसेडिङ हटाऔँ
उज्यालो नेपाल, समृद्ध नेपालीको चाहना पूरा गरौँ ।

ऊर्जामा स्वदेशी खपत बढाऔँ, विदेशी निर्भरता घटाऔँ
यातायात-लगायत सूचना-प्रविधिलाई सञ्जालमा जोडौँ
रोजगारी स्तर वृद्धि गरौँ, आत्मनिर्भर अर्थतन्त्रमा जोड दिऔँ
ऊर्जालाई नै सम्पूर्ण देश-विकासको मुख्य आधार बनाऔँ ।

■■

*केन्द्रीय कार्यालय, ने.वि.प्रा.*

छविलाल नेपाली

# सुन्दर नेपाल र वीर नेपाली



संस्कृतिमा विविधता अनि त्यस्तै भेष छ
हिमालको काखमा अटल सुन्दर मेरो देश छ
स्वर्गजस्तै देशमा जन्मे मख्खै हुन्छु म नि
सुन्दरताको खानी नेपाल, संस्कृतिमा धनी ।

स्वतन्त्र नेपाल सधैँ गोर्खालीको बलमा
शिर उच्च छ भए पनि सानो क्षेत्रफलमा
न अङ्ग्रेजले किन्न सके स्वाभिमानलाई दामले
विश्वसामु चिनिएका छौँ गोर्खालीको नामले ।

बुद्ध जन्मे नेपालमा, सगरमाथा यहीँ छ
बाटो हिँडौँ वीर पुर्खाको, त्यही बाटो सही छ
हातेमालो गरी सबै अघि बढ्नुपर्छ
परिआउँदा देशका लागि सबै लड्नुपर्छ ।

*मिटर रिडर, नेविप्रा म्याग्दी वितरण केन्द्र*
*मोबाइल नं. ९८४६७२९२७१*

## दिनेश शर्मा

# हाम्रो मातृभूमि



सगरमाथा हाम्रो शान विश्वकै शिर हो
बलिदानको गाथा रच्ने नेपाली वीर हो ।

हाम्रै त हुन् गौतम बुद्ध, जनक, पृथ्वी अनि
शान्ति ज्ञान र राष्ट्रको एकता दिए यिनले पनि ।

ज्यान दिन तयार छौँ बरु पछि के हट्छौँ
बैरी आई धावा बोले एक जुट भई लड्छौँ ।

सुन फल्छ खोरियामा लाग्यौँ भने हामी
स्वर्गभन्दा प्यारी 'हाम्रो गौरव, हाम्रो मातृभूमि' ॥

## विमला खड्का बि.सी.

# आत्म-शक्ति



ढुङ्गाजस्तो छाती बनाऊ
थुङ्गाजस्तो मन
फूलजस्तो रहर पाल
पहाडजस्तो तन ।

गोहीजस्तै पसिना झार
पहाडझैँ पाखुरा
अनि पो हुन सक्छ युवा
हिक्मतका टाकुरा ।

गर-गर देखभाल
युवाजन देशको
जसले लाउँछ कुदृष्टि यो माटामा
दाह्रा भाँच त्यसको ।

रक्षा गर किल्ला-किल्ला
चारैतिर फिरी
देश रहे पो हामी रहन्छौँ
रहन्छ हिमगिरि ।

उठ्न नदेऊ आँधीबेहरी
भूकम्प र ज्वाला
सबै मिली टालौँ यहाँ
बैरी छिर्ने प्वाल ।

*सिनियर मिटर रिडर, घोराही वितरण केन्द्र, नेविप्रा*



**लोकेन्द्रजङ्ग शाही**

# हराएको मेरो राष्ट्र



म खोजिरहेको छु तिमीलाई
आँधी, हुरी, बताससँगै
उर्लंदो खहरे भेलसँगै
कतै हरायौ कि तिमी ?

तिम्रा वेशभूषा हराएका छन्
सारङ्गीका धुन हराएका छन्
तिम्रो काखमा सुसेल्दै गाउने
कोशी, महाकाली बेचिएका छन्
राष्ट्र, म तिमीलाई खोजिरहेछु !

भुमरीको दलदलमा फस्यौ कि त कतै ?
दुई ढुङ्गाबीचको तरुल तिमी
कसैको चपेटामा पऱ्यौ कि त कतै ?
छातीभित्र मेरो राष्ट्रियता बोकी
म खोजिरहेछु तिमीलाई ।

हिमालहरूले हाँसो लुकाउन थालेका छन् अचेल
नदीनाला सुसेल्न छाडेका छन् अचेल
आमाको छातीमा दुश्मनले गिद्धेनजर लगाइरहेपछि
राष्ट्र, म खोजिरहेको छु तिमीलाई !

तिमीसँगै तिम्रै काखमा लुकामारी खेल्न मन छ मलाई
हिमाली छायाँमा बसी गाइने दाइको गीत गाउन मन छ मलाई
राष्ट्र, तिमी नै नभए म रहूँला र कसरी !
त्यसैले म खोजिरहेको छु तिमीलाई ।

■■ *कर्णाली प्रादेशिक कार्यालय, नेविप्रा, सुर्खेत*

## गीतादेवी बुढाथोकी

# विधवाको जीवन



जन्म-जन्मान्तरसम्म अग्नि साक्षी राखी बनाएको नाता
एक-अर्कालाई सुख-दुःखमा साथ दिन खाएको वाचा
निष्ठुरी दैवले चटक्कै पारी चुँडाइदियो
सपना, खुशी हावामा उडाइदियो ।

गलाको पोते, सिउँदोको सिन्दूर न रह्यो माथमा
मलाई उनले दिएको उपहार न रह्यो साथमा
रुँदारुँदै सबै आँसु रित्तिए
इच्छा, आकाङ्क्षा, खुशी सबै सिद्धिए ।

जता गए पनि जिन्दगी काँडैकाँडाले घेरिएको
देख्छु आज विधवालाई गिद्धे नजरले हेरिएको
विकृत भैसक्यो समाज बाँच्न गारो भयो तिरस्कारले
नबाँचौँ भने घेरिएको छु आमाको कर्तव्य र जिम्मेवारीले ।

यहाँ सबैले बलेको आगो ताप्दा रहेछन्
निभेको आगो बाल्ने यहाँ केही रहेनछन् ।

■■

*चपली सबस्टेसन, नेविप्रा*

सुशीला रायमाझी

# आधारशीला



धेरैधेरै विद्युत् उत्पादनका गतिविधि सलबलाउँदै छन्
संसारभरि जताततै उज्यालोको विशालता फैलाउँदै छन्
सबैको ढुकढुकीमा बस्ने प्यारो प्यारो संस्था बन्दै छ
त्यसैले त म भन्दै छु नेपाल विद्युत प्राधिकरण देशको आधारशीला बन्दै छ ।

विद्युत् महसुल घटाउँदै, गरीबलाई निःशुल्क मिटर वितरण गर्दै छ
घरघरमा ग्याँसचुल्होलाई बिदाई गरी विद्युतीय चुल्हो भित्र्याउँदै छ
उद्योगधन्दा, यातायात साथै अन्य क्षेत्रमा पर्याप्त विद्युत्शक्ति उपलब्ध गराउँछ
त्यसैले त म भन्छु–
नेपाल विद्युत प्राधिकरण देश विकासकै बलियो आधारशीला बन्दै छ ।

आर्थिक रूपमा सक्षम, आत्मनिर्भर हुँदै कर्मचारीको सेवासुविधा वृद्धि गर्दै छ
जनताको सेवामा रात-दिन नभनी जोखिमयुक्त कार्यमा तत्लीन हुँदै छ
विद्युतको साथ पाएर देशमा विकासको ज्वालामुखी विस्फोट हुँदै छ
त्यसैले त म भन्छु–
नेपाल विद्युत प्राधिकरण देश विकासकै बलियो आधारशीला बन्दै छ ।

देशमा आपतविपत परेको बेलामा सहयोगी हात बन्दै छ
देशकै सफल साहसी उत्साही र उदाहरणीय असल साथी बन्दै छ
विश्वमा आफूलाई पृथक् पहिचान गराउने बाटो खोज्दै छ
त्यसैले त म भन्छु–
नेपाल विद्युत प्राधिकरण देश विकासकै बलियो आधारशीला बन्दै छ ।

*मि.रि.सु.भा., हेटौँडा वितरण केन्द्र, नेविप्रा*

**कविता पोखरेल सुवेदी**

# युवालाई अनुरोध



हे युवा ! नजाऊ पराई देशमा
यही धर्तीमा बगाऊ अमूल्य पसिना
सुनी-सुख र भोगी-दुःख मिल्दैन कसै गरी
स्वदेशमा परिश्रम गरी गर उन्नति, प्रगति ।

चाउरी परेको आमाको मुहार नबिर्स त्यसरी
परदेशिनबाट रोक्न आमाले गरेको प्रयास भुल्छौ कसो गरी ?
मिहिनेत गरे स्वदेशमै के पो हुँदैन र !
मरुभूमिको प्रचण्ड तापमा किन पो जानु पर्छ र !

रेमिट्यान्सले आर्थिक गुजारा कतिन्जेल धानिन्छ र ?
स्वदेशको अमन चैन पराई भूमिमा कहाँ पाइन्छ र !
परदेशमा खर्चिएको जवानी कहाँ फिर्ता हुन्छ र !
उराठलाग्दो निर्दयी मरुभूमिमा किन पो जानु पर्छ र !

लोकतन्त्र, गणतन्त्रको अनुभूति यहीँ दिलाऊ
प्रजातन्त्रको नाम विश्वभर फिँजाऊ
अन्ततः हे युवा ! सुन्दर, शान्त, समृद्ध नेपाल बनाइदेऊ
समृद्ध नेपाल अनि सुखी नेपालीको नारा
गिनिज बुकमा अभिलेख गरिदेऊ !!

■■

*अनारमणि वितरण केन्द्र, नेविप्रा, झापा*

मुकुन्दप्रसाद प्रसाई

# सपना देख्ने रहर



खुला आकाशको बादलको टुक्राजस्तै
सिमलको भुवाझैँ उडेर कताकता पुग्ने मन
सम्बन्ध र परिवेशबीच रुमल्लिएको छ
उछालिएको छ
कथा-व्यथा बनेर बल्झिरहन्छ घरीघरी
खेतका गह्रामा भरिएको टिलपिल पानीझैँ
छताछुल्ल छ मनको गह्रा
हराभरा देख्ने रहर साँचेर
पतझड मौसममा फुङ्ग उडेको समय
यत्रतत्र चलिरहन्छ
बेमौसमी सपनाहरू बाँचेर.....!
पानीका द्रवहरू तप्किन खोज्छन्
झरीको बाछिटाझैँ
विस्मृतिको गङ्गामा पौडिन खोज्छन्
शान्त अनि सुस्तरी बहने हावा ।

ए हावा !
श्वास-प्रश्वासको अभ्यस्त जीवन जिउने कला
आँखाको डिलबाट ओझेल नहोइन्जेल
टाढाटाढा देखिने मृगमरीचिका बन्ने आभाष
केवल भावनाको सुन्दर बगैँचामा डुलिरहन्छ– अस्तित्वका खातिर...!
बटुल्छु म सपना देख्ने रहर
अलिकति माटोको टीका निधारमा टाँसेर
राष्ट्रियताको गीत गाउँछु म

देशको समृद्धि र उन्नयनका लागि
नेपाल आमाका सपुतहरू सपनाको रहर बुन्दै छन्
सपना देख्ने म्याराथन दौडिरहेछन् ।

स्वाभिमानको लडाइँमा स्वार्थरहित लडिरहँदा
निर्वस्त्र बस्तीहरूमा चियाइरहेका अवोध शिशुहरू
कान्तिमय अक्षरका पानामा कोरिएका धर्काहरूभित्र
कुनै न कुनै सपनाहरू बुनिइरहेको हुन्छ
विश्वासको खडेरी परेको यो शहर
अनि गाउँबस्तीहरूमा
सपनाहरू थुनिन्छन्
सपनाहरू साँचिन्छन्
सपनाहरू कुँजिन्छन्
रहर पलाउँछन् सपना देख्नका लागि
केवल थेग्न सक्ने
भविष्यको भारीमा अडिएको
नाम्लोको डाम निधारमा परिरहेकै छ
यो विशाल संसारमा उदाइरहने
सूर्यको फन्कोमा
सपना कुदिरहेकै छ
सपना देख्ने रहर पालिएकै छ
सपना देख्ने रहर साँचिएकै छ ।

■■

*रत्ननगर, चितवन*

कल्पना ज्ञवाली ‘समर्पण’

# चाहना र चेली



उद्दण्ड सामाजिक पृष्ठभूमिसँग हार खाई
अनवरत च्यातिएका शरीरका लुगाहरू नियाल्दै
आफ्नै अगाडि इज्जत लुटिँदा पनि
मौन छिन् चेली
कठै !
आफ्नैबाट लुटिइएपछिको भयानकताभित्र !

आज उदासी पलहरू निल्दै छिन् चेली
उदासी पलसँग खेल्दै छिन् चेली
उदासी पलसँगै बोल्दै छिन् चेली
संस्कारको मझेरीमा बादल नफाट्दा
कल्पनाको संसारमा घाम नलाग्दा
जूनकीरीको पिलपिलसँग आफूलाई घिसार्दै छिन्
बलात्कारीको पञ्जाबाट समाधिलाई गन्तव्य बनाएर ।

त्यसैले त पिँजडामा कैद भएको पक्षीको व्यथासँग
आफ्नै मनभित्र कैद भएका चाहना तुलना गर्छिन्
जब तुलो बराबरमा रोकिन्छ— मुटु ढक्क फुल्छ
आज उनका चाहना
खुशी बनेर फुल्न सकेनन्
जीवित प्राणी बनी डुल्न सकेनन्
अथवा, उनका चाहनाले
आफन्तकै धोका र मृत्युलाई जित्न सकेनन् ।

*सुनबल १३२ के.भी. सबस्टेसन आयोजना, नेविप्रा*

## महेशराम विरही

# के दियौ हँ ?



धन्य रहेछौ वीरका सन्तानहरू
विरासतमा पाएका ती नाम र पहिचानको
अस्तित्व के थाहा ?
मच्चाई रँडाको, फुटाई घर के पायौ हँ ?
बादर सरी जिउनु परेपछि
बल्ल चेत खुल्छ होला !
आस्थाको केन्द्रलाई मधुशाला बनाएर के गर्छौ हँ ?
जनताको लौरो
तालुमा बज्रिनमात्र बाँकी भएर होला
आमाको त्यो निश्चल प्रेम कसरी बिर्सिन्छौ हँ ?
विदेशीले टक्राएको 'होली वाइन' ले
तृष्णा कतिञ्जेल मेट्छ हजुर ?
चरित्रमा लागेको दाग कुन पानीले पखाल्छौ हँ ?
'वाद'को जन्मदाता आफैँ भएर घाँटी रेट्नु
कस्तो पापपूर्ण अपराध यो !
क्षमता नभए भ्रूण हत्या गर्नु कि विकल्प खोज्नु नि हजुर ?
आ-आफ्नो विगत बिर्सेर
सुख-सयलमा बाँच्नु ठीकै हो
तर, जनतालाई झूटो आशा र
बकमफुसे भाषणबाहेक के दियौ हँ ?

## आविष्कार कला

# बा



हथौडाले टुकटुक
छिनाले छिन्छिन्
हानेको मूर्ति मन्दिरमा हुन्छ
अनुभवको गह्रुङ्गो घनले हिर्काएर
हरदम तिमीलाई
आशिर्वचन दिने मूर्ति
पलपल तिम्रो साथमा हुन्छ
त्यही मूर्तिको गोप्य नाम हो– बा ।

पटक-पटक गुमेको श्वास लिएर
चुँडिएको नशा सिलाएर
रगतलाई पसिना बनाएर
सन्तानको हाँसोलाई
आफ्नो नासो ठान्ने
मन-मस्तिष्कको एउटै नाम हो– बा ।

पृथ्वीजत्तिकै भारी
निरन्तर बोकिरहने
ज्वारभाटासँग सङ्घर्ष गरिरहने
वर्षौंदेखि आँधीहुरीमा अडिग
पटक-पटक चट्याङको प्रहारबाट
उठेर
सन्तानलाई स्वर्ग देखाउन चाहने
महामानवको साझा नाम हो– बा ।

बा भन्नुहुन्छ–
'ए फरकफरक विश्वविद्यालयमा
सङ्ख्यात्मक उपाधि प्राप्त सन्तान !
जीवनको पहिलो पाठशाला !
खुशीको क्षणमा सुन–
संसारका सयौँ विश्वविद्यालयको
सैद्धान्तिक र प्रयोगात्मक परीक्षा
उत्तीर्ण गर्नेको एउटै नाम हो– बूढा बा ।'

अन्त्यमा, ढुङ्गा र मूर्ति देखाउँदै
बाले सोध्नुभयो–
'विनाचोटको जीवन
चोटसहितको जीवन
के रोज्छस् छोरा ?'
मैले भनेँ–
'हजुरकै जीवन रोज्छु बा
सङ्घर्ष, समानता र मानवताको ।'
■■

# धम्मपद
## (अनुवाद– शब्दसेना)

**यमक वग्गो**

१.
यो मन सबै धर्मको नेता, यही हो अगुवा
कर्मको पनि वाणीको पनि, मनै हो मझुवा ।
गोरुको पछि गुडेर पाङ्ग्रा जसरी आउँछ
यो मन दुःखी कामको पछि उसरी धाउँछ ।

२.
यो बानी हाम्रो, यो धर्म हाम्रो, मनैको बसमा
प्रधान वस्तु मन नै रै'छ यो हाम्रो तनमा ।
मनमा दीप बालेर जब मुखले बोलिन्छ
उज्यालो मन पारेर तन कर्ममा होमिन्छ ।
छायाँ यो हाम्रो शरीरसँगै आउँछ जसरी
उज्यालो मन सुखले पनि धाउँछ त्यसरी ।

३.
मलाई कुट्यो फकाई लुट्यो, सराप्यो, हरायो,
मनमा गाँठो यसरी पारे शान्ति नै हरायो ।

४.
मलाई कुट्यो फकाई लुट्यो, सराप्यो, हरायो,
भन्ने यो गाँठो फुकाएपछि शान्ति लै पलायो ।
भन्ते ...... शान्ति लै पलायो ........... !

५.
रिसले रिस मार्दैन कैल्यै मित्रता चाहिन्छ
यही हो हाम्रो धर्मको बाटो सुशान्ति पाइन्छ ।

६.
संसार हाम्ले छाड्नु नै पर्छ मुर्खले बुझ्दैन
जसले बुझ्ला यो एक मन्त्र दुःखमा भिज्दैन ।

७.

कमला वृक्ष जसरी हावा चल्दैमा ढल्दछ
इन्द्रिय सुख आनन्द ठान्ने उसरी ढल्दछ ।
जो चिज राम्रो लाग्दछ यहीँ हेरेर डुल्नेले
जो चीज मीठो लाग्दछ त्यही खाएर भुल्नेले ।
उद्योगहीन अल्छीको पुरी दुःखमा धसिन्छ
संयम राख्न नसक्ने मान्छे गर्तमा धसिन्छ ।

८.

अशुभलाई अशुभ जानी साधना गर्नेले
इन्द्रिय सुख क्षणिक ठानी संयम धर्नेले
शरीर हेरी भोजन मात्रा मिलाई खानेले
जाँगर गरी उद्योगधन्दा चलाई खानेले ।
पर्वतजस्तै अडिग हुन्छ हावा र हुरीमा
उही हो बस्ने झलल भई आनन्दपुरीमा ।

९.

चित्तको मल नधोएसम्म सुकिलो हुँदैन
जति नै सुन्दर ऊ वस्त्र भिरोस्, सुकिलो हुँदैन ।
संयम अनि सत्यताभन्दा पर ऊ रहन्छ
सत्यताभन्दा परको कुरा मुखले कहन्छ ।

१०.

चित्तको मल पखालीकन फाल्दछ जसले
संयमशील बटुलीकन राख्दछ उसले ।
धुमिल वस्त्र पहिरे पनि उही हो महान्
चित्तमा फुले भित्तामा फल्छ, यही हो आहान ।

११.

निसारलाई सार जो ठान्छ, सारचैँ निसार
नभेटी सार संसार घुम्छ, निकृष्ट विचार ।

१२.

सार हो सारै निसार हैन यो बुझ्ला जसले
भेटाई सार संसार घुम्छ, प्रज्ञानी चालले ।

१३.
जसरी छाना नराम्रो छाए वर्षामा चुहिन्छ
भावनाहीन चित्तमा राग पाल्दछ कुहिन्छ ।
१४.
मिलाई राम्रो त्यो छाना छाए वर्षात् छिर्दैन
भावनामुक्त भित्ताको भित्र राग त्यो छिर्दैन ।
१५.
शोकले रुन्छ तापले जल्छ, पापको भकारी
यो लोकदेखि ऊ लोकसम्म त्यै पाप डकारी ।
१६.
सुखले खुल्छ, मुखले हाँस्छ, पुण्यको जुहार
यो लोकदेखि ऊ, लोकसम्म, सत्कर्मी मुहार ।
१७.
सन्तप्त हुन्छ पापमा डुब्ने जीवन, मृत्युमा
दुर्गतिमाथि दुर्गति हुन्छ, पापीको मृत्युमा ।
१८.
आनन्द लिन्छ त्यो पुण्यकारी, यो पूण्य भूमिमा
सुगतिमाथि सुगति थपी त्यो स्वर्गपुरीमा ।
१९.
पढेर ग्रन्थ पिटक आदि आचार छाडेर
श्रवण च्यूत प्रमादी चाल के काम पढेर ।
२०.
कम नै पढोस् ग्रन्थ ऊ बरु आचार सुधारी
त्यागेर जम्मै राग र द्वेष मोहको भकारी ।
त्यो चित्त मुक्त बनाईकन आशक्ति हटाई
यता र उता सुधार्न सक्छ, श्रवण गराई ।

■■

*(धम्मपद बुद्ध दर्शनको महत्त्वपूर्ण ग्रन्थ हो । हिन्दू धर्ममा गीताको जुन महिमा छ, त्यस्तै बुद्ध दर्शनमा धम्मपदको उच्चमहिमा रहेको छ । धम्मपदमा उन्नाईस वग्गो (अध्याय) रहेका छन् । तीमध्ये पहिलो वग्गोमा वर्णित विषयलाई अनुवादकले गीतिलयमा प्रस्तुत गरेका छन् । चौथो श्लोकमा प्रयोग भएको भन्ते शब्दले बौद्ध भिक्षुले एकआपसमा आदरभाव दर्शाउन प्रयोग गर्ने सम्मानसूचक शब्द भन्ने अर्थ बुझाउँछ ।)*

# ३६ औँ वार्षिकोत्सवमा अतिरिक्त क्रियाकलापः एक झलक

नेपाल विद्युत प्राधिकरणको ३६ औँ वार्षिकोत्सवको पूर्वसन्ध्यामा २०७८ श्रावण महिनामा विविध अतिरिक्त क्रियालाकलापका कार्यक्रमहरू सञ्चालन गरिएको थियो । कोभिडको बढ्दो प्रकोपका कारण ३६ औँ वार्षिकोत्सवमा केही सीमित कार्यक्रमहरूमात्र सञ्चालन भएका थिए । अतिरिक्त क्रियाकलाप उपसमितिका संयोजक तुलाराम गिरीको संयोजकत्वमा उक्त कार्यक्रमहरू सम्पन्न भएका थिए । कर्मचारीहरूको मानसिक, शारीरिक र बौद्धिक विकास गर्ने हेतुले सबै तहका कर्मचारीले भाग लिन पाउने गरी प्रधान कार्यालयमा देहायका अतिरिक्त क्रियाकलापहरू सञ्चालन गरिएको थियो ।

## (क) कविता प्रतियोगिताः

कविता प्रतियोगितामा देशभर रहेका प्राधिकरणका कार्यालयहरूबाट जम्मा २८ जना प्रतियोगी कविहरूले सहभागिता जनाउनुभएको थियो । सो कार्यक्रम जुम प्रविधिको प्रयोग गरी भर्चुअल माध्यमबाट सम्पन्न भएको थियो । कविताको शीर्षक चयन गर्ने स्वतन्त्रता सम्बन्धित कविहरूलाई नै प्रदान गरिएको थियो । निर्णायकद्वय नगाधिराज र कल्पना काफ्लेको निर्णायक मण्डलले देहाय बमोजिम ४ कविका कविताहरूलाई उत्कृष्ट घोषणा गरेको थियोः

| | |
|---|---|
| प्रथमः | लोकविक्रम मल्ल |
| द्वितीयः | हरिप्रसाद अधिकारी |
| तृतीयः | शारदादेवी भट्टराई पोखरेल |
| सान्त्वनाः | नारायणप्रसाद आचार्य |

## (ख) कार्यपत्र प्रस्तुतीकरण प्रतियोगिताः

कार्यपत्र प्रस्तुतीकरण प्रतियोगिताका लागि 'प्रविधिमैत्री विद्युत प्राधिकरण : आजको आवश्यकता' र 'विद्युतको पहुँच र बजार : सम्भावना र चुनौती' गरी दुई वटा शीर्षकहरू उपलब्ध गराइएको थियो । दुईमध्ये कुनै एक शीर्षकमा कार्यपत्र प्रस्तुत गर्न सकिने प्रावधान राखिएको थियो । सो प्रतियोगितामा जम्मा ६ जना प्रतियोगीहरूले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । उपकार्यकारी निर्देशक मनोज सिलवाल, निर्देशक चन्धा न्यौपानेसहितको निर्णायक मण्डलले गरेको मूल्याङ्कनअनुसार निम्नानुसारका उत्कृष्ट चार वटा कार्यपत्रहरू पुरस्कृत भएका थिएः

प्रथमः सागर शिवाकोटी
द्वितीयः भरत के.सी.
तृतीयः कपिलचन्द्र बस्ताकोटी
सान्त्वनाः सुरेश कुमार तिमल्सिना

सूचना प्रविधि विभागको कार्यकक्षबाट सञ्चालन भएको उपरोक्त दुवै कार्यक्रमको नेपाल विद्युत प्राधिकरणको आधिकारिक युट्युब च्यानल NEA OFFICIAL मार्फत प्रत्यक्ष प्रसारण गरिएको थियो ।

### (ग) रक्तदानः

प्रधान कार्यालय परिसरमा भएको रक्तदान कार्यक्रममा नेविप्राका कर्मचारीहरूको उल्लेखनीय सहभागिता रहेको थियो ।

## नेपाल विद्युत प्राधिकरणको ३७ औँ वार्षिकोत्सवको अवसरमा आयोजित अतिरिक्त क्रियाकलापहरूः

| सि.नं. | खेल/ कार्यक्रम | इभेन्टहरू | मिति | कार्यक्रम |
|---|---|---|---|---|
| १. | ब्याडमिन्टन | मेन्स सिङ्गल, मेन्स डबल लेडिज सिङ्गल, लेडिज डबल, भेट्रान्स डबल, इक्जुकेटिभ डबल (तह ८ भन्दा माथि मात्र)<br>नोटः क) भेट्रान्स डबलको लागि उमेर ४५ वर्ष पुगेको हुनुपर्ने<br>ख) एक जना खेलाडीले बढीमा २ इभेन्ट्समा मात्र भाग लिन पाउने | २०७९/०४/१४सम्म | नाम दर्ता |
| | | | २०७९/०४/१५ | खेल तालिका प्रकाशन |
| | | | २०७९/०४/१६-२९ | खेल कार्यक्रमहरू सञ्चालन गर्ने |
| २. | म्युजिकल चेयर | | २०७९/०४/३० | नाम दर्ता |
| | | | बिहानः ११:०० बजे सम्म | खेल सञ्चालन |

| सि.नं. | खेल/ कार्यक्रम | इभेन्टहरू | मिति | कार्यक्रम |
|---|---|---|---|---|
| ३. | कविता-वाचन | कार्यरत सम्पूर्ण महिला कर्मचारीहरूबीच खेलाउने | २०७९/०४/३० | नामदर्ता |
| | | | दिउँसो १२:०० बजे | कवितावाचन |
| ४. | क्यारेमबोर्ड | कार्यरत सम्पूर्ण कर्मचारी मेन्स सिङ्गल, मेन्स डबल लेडिज सिङ्गल | २०७९/०४/२३ सम्म | नामदर्ता |
| | | | २०७९/०४/२५ | खेल तालिका प्रकाशन |
| | | | दिउँसोः १:०० बजे | खेलहरू सञ्चालन गर्ने |
| ५. | घैँटो फुटाउने | | २०७९/०४/१९ सम्म | नामदर्ता |
| | | | २०७९/०४/२० | खेल सञ्चालन |
| ६. | हाजिरी जवाफ | तह १० देखि माथिका कार्यरत अधिकृत कर्मचारी एउटा निर्देशनालयबाट एउटा टिमको प्रतिनिधित्व हुने गरी बढीमा १० टिम हुने, एउटा टिममा कम्तिमा एक जना महिला अनिवार्यसहित तीन जना हुनुपर्ने (कुनै निर्देशनालयबाट सहभागी नभएमा वा १० भन्दा कम टिम सहभागी भएमा वि.ग्रा.से. निर्देशनालयबाट १ भन्दा बढी टिमले भाग लिन पाउने)<br>६ टिमसम्म भएमा एक खेलमा नै सम्पन्न गरिनेछ । सो भन्दा बढी भएमा तीन खेल सञ्चालन गरिनेछ । | २०७९/०४/२२-२४ | निर्देशनालयहरू मार्फत नामदर्ता |
| | | | २०७९/०४/३० | खेल तालिका प्रकाशन |
| | | | बिहानः ११:००बजे सम्म | खेलहरू सञ्चालन गर्ने |
| | | | २०७९/०४/३० | फाइनल खेल सञ्चालन गर्ने |
| ७. | चेस | | दिउँसोः १:३० बजे | नामदर्ता |
| | | | २०७९/०४/१५ सम्म | खेलतालिका प्रकाशन |
| | | | २०७९/०४/१७ | खेलहरू सञ्चालन गर्ने |

| सि.नं. | खेल/ कार्यक्रम | इभेन्टहरू | मिति | कार्यक्रम |
|---|---|---|---|---|
| ८. | भलिबल | कार्यरत सम्पूर्ण कर्मचारी एउटा निर्देशनालयबाट एउटामात्र टिमले भाग लिन पाउने र एउटा टिममा आठ जनामात्र हुनुपर्ने । | २०७९/०४/२२-२४ | इच्छुक निर्देशनालयबाट नामदर्ता |
| | | | २०७९/०४/२३ | खेलतालिका प्रकाशन |
| | | | २०७९/०४/१९सम्म | खेलहरू सञ्चालन गर्ने |
| | | | २०७९/०४/२० | तेस्रो स्थानकोलागि खेल |
| | | | २०७९/०४/२२-२६ | फाइनल खेल सञ्चालन गर्ने |
| ९. | वक्तृत्वकला | | २०७९/०४/२०सम्म | नामदर्ता |
| | | | २०७९/०४/२२ | वाचन |
| १०. | रक्तदान | | २०७९/०४/२३-३० | रक्तदान |
| १२. | फूटसल | कार्यरत सम्पूर्ण कर्मचारी | २०७९/०४/२९ | इच्छुक निर्देशनालयबाट नामदर्ता |
| | | | २०७९/०४/३० | खेलतालिका प्रकाशन |
| | | | दिउँसोः १:०० बजे | खेलहरू सञ्चालन गर्ने |
| १२. | टेबलटेनिस | एउटा निर्देशनालयबाट एउटा मात्र टिमले भाग लिन पाउने र एउटा टिममा सात जना मात्र हुनुपर्ने । | २०७९/०४/२३ सम्म | नामदर्ता |
| | | | २०७९/०४/२६ | खेल तालिका प्रकाशन |
| | | | दिउँसोः १:०० बजे | खेलहरू सञ्चालन गर्ने |
| १३. | कार्यपत्र प्रस्तुतीकरण | मेन्स सिङ्गल, मेन्स डबल, लेडिज सिङ्गल | २०७९/०४/२५ | नामदर्ता |
| | | | ११-:००-३:००बजे | प्रश्तुतीकरण |

| सि.नं. | खेल/ कार्यक्रम | इभेन्टहरू | मिति | कार्यक्रम |
|---|---|---|---|---|
| १४. | म्याराथुन दौड | कार्यरत सम्पूर्ण कर्मचारी | २०७९/०४/१६ सम्म | नामदर्ता |
| | | | २०७९/०४/१७ | म्याराथुन दौड सञ्चालन गर्ने |
| १३. | पुरस्कार वितरण तथा समापन कार्यक्रम खेल कार्यक्रम | कार्यरत सम्पूर्ण कर्मचारी | २०७९/०४/२२-२३ | पुरस्कार वितरण |
| | | | २०७९/०४/१८ सम्म | समापन |

सहभागी खेलाडीहरू विद्युत् प्राधिकरणको कर्मचारी हुनुपर्नेछ ।

| सि.नं. | खेल/कार्यक्रम | संयोजक | सम्पर्क नम्बर |
|---|---|---|---|
| १. | ब्याडमिन्टन | लोकेन्द्रबहादुर साउद | ९८५१०९९१३३ |
| २. | रक्तदान | कृष्णकुमार थापा | ९८४१३८९७३४ |
| ३. | कविता-वाचन | कृष्णदेव रिमाल | ९८४११९६८८८ |
| ४. | फूटसल | इष्टमित्र मास्के | ९८५१०६६८१७ |
| ५. | हाजिरी-जवाफ | मनोरञ्जन मल्ल ठकुरी | ९८४१४०२८३६ |
| ६. | चेस | बलबहादुर ताम्ली | ९८४९७४३०८५ |
| ७. | भलिबल | विष्णु मास्के | ९८५१०६२१९७ |
| ८. | टेबल-टेनिस | ज्ञानीबाबु महर्जन | ९८४१३२३९७१ |
| ९. | घैँटो फुटाउने/म्युजिकल चेयर | शान्ता रेग्मी | ९८४१३४७४८५ |
| १०. | वक्तृत्व कला | शारदादेवी भट्टराई | ९८४४७८८३२ |
| ११. | म्याराथुन दौड | रत्न श्रेष्ठ | ९८४६११६९०३ |
| १२. | कार्यपत्र प्रस्तुतीकरण | बिष्णु आचार्य | ९८४१५४८४२५ |
| १३. | क्यारमबोर्ड | राजकुमार परियार | ९८४१७२१९११ |
| १४. | पुरस्कार वितरण तथा समापन समारोह | राजन फुयाँल | ९८५११७४१९५ |

# विद्युतकर्मी साहित्यिक समाजको सातौँ अधिवेशन विविध कार्यक्रमसहित सम्पन्न

नेपाल विद्युत प्राधिकरण विद्युतकर्मी साहित्यिक समाजले स्रष्टा सम्मान, कृति विमोचन तथा रचना-वाचनको कार्यक्रमसहित आफ्नो सातौँ अधिवेशन मिति २०७९/०२/२९ गते गते आइतबारका दिन भव्यताका साथ सम्पन्न गरेको छ ।

प्रा.डा.रामप्रसाद ज्ञवालीको प्रमुख आतिथ्यतामा नेपाल विद्युत प्राधिकरण प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौँको सभाकक्षमा सञ्चालित उक्त कार्यक्रम विद्युतकर्मी साहित्यिक समाजका सचिव प्रकाश आचार्यले सञ्चालन गर्नुभएको थियो । सो कार्यक्रममा नेपाल विद्युत प्राधिकरणबाट सेवानिवृत्त हुनुभएका प्रगतिवादी साहित्यसाधक मातृका पोखरेल तथा साहित्य-स्रष्टा रमेशप्रसाद न्यौपानेलाई 'अमर ज्योति साहित्य सम्मान-२०७९' अर्पण गरिएको थियो । प्रमुख अतिथि ज्ञवालीले ताम्रपत्रबाट तथा विद्युतकर्मी साहित्य समाजका अध्यक्ष कृष्णदेव रिमालले दोसल्ला ओढाएर उहाँहरूलाई सम्मान गर्नुभएको थियो ।

सम्मानित व्यक्तिहरूको व्यक्तित्व र कृतित्वका बारेमा अमरज्योति साहित्यिक त्रैमासिकका कार्यकारी सम्पादक विष्णु आचार्य 'अतृप्त'ले टिप्पणी गर्नुभएको थियो भने सम्मानित हुनुभएका स्रष्टाद्वयले आफ्नो मन्तव्यसहित रचना-वाचन गर्नुभएको थियो ।

उक्त समारोहमा अमरज्योति साहित्यिक त्रैमासिकको ५४ औँ अङ्का साथै प्राधिकरणका क्रियाशील स्रष्टा विष्णु आचार्य 'अतृप्त'को कवितासङ्ग्रह 'घर फर्कने तिर्खा' लोकार्पणसमेत गरिएको थियो । विमोचित सङ्ग्रहको शक्ति र सीमामाथि सङ्क्षिप्त टिप्पणी गर्ने कार्य कार्यक्रमका विशेष अतिथि व्यङ्ग्य निबन्धकार वासुदेव गुरागाईं (पिँडालु पण्डित) ले गर्नुभएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि रामप्रसाद ज्ञवालीले विभिन्न दृष्टान्तसहित साहित्यको महत्त्व र समाज रूपान्तरणमा यसले पार्ने प्रभावमाथि प्रकाश पार्नुभएको थियो । उक्त कार्यक्रममा स्रष्टाहरू कृष्णप्रसाद पौडेल, शारदादेवी भट्टराई, मोहनबहादुर कायस्थ, पुण्य घिमिरे, शिशिर थापा, मदन तिम्सिना, रीता खनाल, मुकुन्दप्रसाद प्रसाईं, केशव रूपाखेतीलगायतले आआफ्नो रचना-वाचन गर्नुभएको

थियो भने आविष्कार कला र विष्णु आचार्य 'अतृप्त'ले विमोचित कृतिबाट एक-एक वटा कविता वाचन गर्नुभएको थियो ।

सोही दिन सम्पन्न विद्युतकर्मी साहित्यिक समाजको सातौँ अधिवेशनले कृष्णदेव रिमाल 'शब्दसेना' को अध्यक्षतामा ११ सदस्यीय नयाँ कार्यसमिति सर्वसम्मत रूपले चयन गरेको छ । समितिका अन्य पदाधिकारीहरूमा शारदादेवी भट्टराई पोखेल (उपाध्यक्ष), विष्णु आचार्य 'अतृप्त' (सचिव), शारदा पराजुली (सहसचिव), मुकुन्दप्रसाद प्रसाईँ (कोषाध्यक्ष) रहनुभएको छ भने सदस्यहरूमा सङ्गीता अधिकारी पौडेल, आविष्कार कला, रीता खनाल, भोला शर्मा, मनुकुमारी पुलामी र बलराम पुडासैनी रहनुभएको छ ।

विद्युतकर्मी साहित्यिक समाजका अध्यक्ष कृष्णदेव रिमालको सभापतित्वमा सञ्चालन भएको उक्त कार्यक्रममा समाजकी सदस्य सङ्गीता अधिकारी पौडेलले स्वागत-मन्तव्य राख्नुभएको थियो । उक्त कार्यक्रममा नेपाल विद्युत प्राधिकरणमा साहित्यको जग बसाउन अहोरात्र खटिनुहुने स्रष्टाहरू जुजुकाजी रञ्जित, कुलप्रसाद पराजुली, पुण्य घिमिरे, रामेश्वर राउत 'मातृदास', विष्णुबहादुर सिंह, कृष्णमोहन जोशी, मञ्जुलाल श्रेष्ठ, मोहनकृष्ण उप्रेती, केशव रूपाखेती, राजु शर्मा, बिन्दु शर्मा, वाई. आर. घले लगायतको उपस्थिति रहेको थियो ।

कार्यक्रममा उपस्थित प्रमुख अतिथि, विशेष अतिथि र निर्वाचन मण्डलका पदाधिकारीहरूलाई समाजको तर्फबाट मायाको चिनो प्रदान गरिएको थियो ।

## *भानुभक्तको सम्झनामा 'पुस्तकसँग पाठक' कार्यक्रम*

आदिकवि भानुभक्त आचार्यको २०९ औँ जन्मजयन्तीको उपलक्ष्यमा नेपाल विद्युत प्राधिकरण विद्युतकर्मी साहित्यिक समाजले 'पुस्तकसँग पाठक' विषयक परिचिर्चामूलक कार्यक्रम भव्यताका साथ सम्पन्न गरेको छ । भानुभक्त आचार्यको प्रतिमामा माल्यार्पण गरी विधिवत रूपले सुरु भएको सो कार्यक्रम नेपाल विद्युत प्राधिकरण प्रधान कार्यालयको रूफ टप हलमा २०७९ असार २९ गते बुधबार सम्पन्न भएको हो । कार्यक्रममा नेपाल विद्युत प्राधिकरणसँग आबद्ध दह जना परिचिर्चाकारहरूले विभिन्न लेखकका कृति/रचना पढ्दा आफूमा उत्पन्न भएको पठन प्रभावका साथै ती कृति/रचनाको भाव, भाषाशैली, पात्र, परिवेश, समसामयिक सन्दर्भ आदि विविध पक्षका बारेमा आआफ्नो धारणा राख्नुभएको थियो ।

सो कार्यक्रममा स्पेन्सर जोन्सन एन्ड अलको कृति 'वन मिनेट म्यानेजर' का बारेमा राजन फुयाँलले चर्चा गर्नुभएको थियो भने भानुभक्त आचार्यकृत 'बधूशिक्षा'

का बारेमा हरिप्रसाद घिमिरे, कमलेश डि पट्टेलको ‘डिजाइनिङ डेस्टिनी’ पुस्तकका बारेमा चिरन्तनविक्रम राणा, वाल्मीकिको ‘रामायण’का बारेमा तुलसीप्रसाद सापकोटा एवम् सरुभक्तको ‘समय त्रासदी’ उपन्यासका बारेमा मनोरञ्जन मल्ल ठकुरीले पाठकीय प्रतिक्रिया व्यक्त गर्नुभएको थियो ।

त्यस्तै, वि.पि.कोइरालाको ‘मधेशतिर’ कथाको बारेमा हरिप्रसाद अधिकारीले समीक्षात्मक धारणा राख्नुभएको थियो भने भोला शर्माले अमर न्यौपानेको ‘सेतो धरती’, शारदादेवी भट्टराई पोखरेलले पुष्पनाथ शर्माकृत ‘गर्भे सुवेदार’, यादवराज घलेले हृदयचन्द्र प्रधानको ‘एक चिहान’ उपन्यास तथा पुण्य घिमिरेले राहुल सांकृत्यायनको ‘दिमागी गुलामी’ कृतिका बारेमा परिचर्चा गर्नुभएको थियो ।

कार्यक्रममा मूलतः साहित्यिक र केही गैरसाहित्यिक कृतिका बारेमा चर्चा गरिएको थियो । सो कार्यक्रममा ने.वि.प्रा.का उपकार्यकारी निर्देशक एवम् कार्यक्रमका विशेष अतिथि तुलाराम गिरीले समापन मन्तव्य राख्नुभएको थियो उहाँले ‘विविध स्वादका कार्यक्रमको उत्पादनले नवप्रतिभाहरू जन्मने र यसबाट वाङ्मयको फाँटमा जीवन्त रचनाहरू फस्टाउन मद्दत पुग्ने’ भनी खुशी व्यक्त गर्नुभएको थियो ।

‘पठन संस्कृतिका साथै नेतृत्व विकास गर्ने उद्धेश्यले नौलो कार्यक्रमको परिकल्पना गरिएको’ कार्यक्रमको अध्यक्षता गरिरहनुभएका विद्युतकर्मी साहित्यिक समाजका अध्यक्ष कृष्णदेव रिमाल ‘शब्दसेना’ले बताउनुभएको थियो । समाजको फेसबुक पेजबाट प्रत्यक्ष प्रसारण गरिएको उक्त कार्यक्रममा समाजका कार्यसमिति सदस्य सङ्गीता अधिकारी पौडेलले स्वागत मन्तव्य राख्नुभएको थियो भने सो कार्यक्रमलाई समाजका सचिव विष्णु आचार्य ‘अतृप्त’ ले सञ्चालन गर्नुभएको थियो ।

करिब दुई घण्टा तीस मिनेट सञ्चालन भएको सो कार्यक्रममा नेपाल विद्युत प्राधिकरणका उपकार्यकारी निर्देशकज्यूहरू, निर्देशकज्यूहरू, उच्चपदस्थ अधिकारीहरू, ट्रेड युनियनका प्रतिनिधिहरू तथा साहित्य अनुरागीहरूको बाक्लो उपस्थिति रहेको थियो । कार्यक्रम समापनपछि दर्शक/स्रोताको भूमिकामा रहेका कर्मचारीहरूले पनि आफूले अध्ययन गर्न नपाएको पुस्तकको बारेमा ज्ञान हासिल गर्ने सुनौलो अवसर पाएको भनी खुशी व्यक्त गर्नुभएको थियो । कार्यक्रममा सहभागी वक्ताहरूले विभिन्न सन्दर्भमा पटक-पटक भानुभक्तको योगदानलाई सम्झिएर उहाँका रचना-वाचन गर्नुभएको थियो ।

■■

# विद्युत्कर्मी साहित्यिक समाज

## संस्थापक कार्यसमिति-२०५६
अध्यक्ष- कुलप्रसाद पराजुली
उपाध्यक्ष- केशवप्रसाद रूपाखेती
सचिव- कृष्णमोहन जोशी
सहसचिव- पुण्यप्रसाद घिमिरे
कोषाध्यक्ष- कमला श्रेष्ठ
सदस्यहरू- गङ्गा अधिकारी, भगवती प्रसाईं, मातृका पोखरेल, रमेशप्रसाद तिमल्सिना, रमेशप्रसाद न्यौपाने, रामेश्वर राउत 'मातृदास'

## प्रथम कार्यसमिति-२०६२
अध्यक्ष- केशवप्रसाद रूपाखेती
उपाध्यक्ष- मातृका पोखरेल
सचिव- कृष्णमोहन जोशी
सहसचिव- कुसुम ज्ञवाली
कोषाध्यक्ष- राजु शर्मा
सदस्यहरू- कृष्णदेव रिमाल, चण्डिका रायमाझी, दण्डपाणि बस्याल, मञ्जुलाल श्रेष्ठ, मोहनकृष्ण उप्रेती, सरिता शर्मा

## दोस्रो कार्यसमिति २०६४
अध्यक्ष- विष्णुबहादुर सिंह
उपाध्यक्ष- रामेश्वर राउत 'मातृदास'
सचिव- पुण्यप्रसाद घिमिरे
सहसचिव- मञ्जुलाल श्रेष्ठ
कोषाध्यक्ष- राजु शर्मा
सदस्यहरू- कृष्णदेव रिमाल, कुसुम ज्ञवाली, भगवती प्रसाईं, मातृका पोखरेल, विन्दु शर्मा, यादवराज घले

## तेस्रो कार्यसमिति २०६७
अध्यक्ष- वीरेन्द्रकुमार पाठक
उपाध्यक्ष- गोसाई के.सी.
सचिव- पुण्यप्रसाद घिमिरे
सहसचिव- कृष्णदेव रिमाल
कोषाध्यक्ष- राजु शर्मा
सदस्यहरू- मातृका पोखरेल, भगवती प्रसाईं, विन्दु शर्मा, मञ्जुलाल श्रेष्ठ, दीपक दहाल, कौशल भट्टराई, ओमप्रकाश घिमिरे

## चौथो कार्यसमिति २०७०
अध्यक्ष- पुण्यप्रसाद घिमिरे
उपाध्यक्ष- रामेश्वर राउत 'मातृदास'
सचिव- कृष्णदेव रिमाल
सहसचिव- मञ्जुलाल श्रेष्ठ
कोषाध्यक्ष- राजु शर्मा
सदस्यहरू- मातृका पोखरेल, विन्दु शर्मा, कौशल भट्टराई, यादवराज घले, चण्डिका रायमाझी, शिशिर थापा, कोमलनाथ आत्रेय, शारदा पराजुली

## पाँचौँ निर्वाचित कार्यसमिति २०७३
अध्यक्ष- रामेश्वर राउत मातृदास
उपाध्यक्ष- कृष्णदेव रिमाल
सचिव- मञ्जुलाल श्रेष्ठ
सहसचिव- प्रकाश आचार्य
कोषाध्यक्ष- राजु शर्मा
सदस्यहरू- शिशिर थापा, कोमल कौशिक, मुकुन्दप्रसाद प्रसाईं, सङ्गीता अधिकारी, शारदादेवी भट्टराई, माधव अधिकारी प्रसून, शारदा पराजुली, दीपा खकुरेल

## छैटौँ कार्यसमिति २०७६
अध्यक्ष - कृष्णदेव रिमाल ९८४११९६८८८
उपाध्यक्ष - राजु शर्मा ९८४१४२६४६२
सचिव - प्रकाश आचार्य ९८४१३५४९७२
सहसचिव - यादवराज घले ९८४१३६१६९६
कोषाध्यक्ष - शारदा पराजुली ९८४१३६३३२५
सदस्यहरू:
सङ्गीता अधिकारी ९८४१८२७८३६
विष्णुप्रसाद आचार्य ९८४१५४८४२५
आविष्कार कला ९८५७०३७५८३
बलराम पुडासैनी ९८४१४०५००७
रीता खनाल ९८४१६०२१७२
शारदादेवी भट्टराई ९८४४७८८३२

## सातौँ एवम् वर्तमान कार्यसमिति २०७९
अध्यक्ष - कृष्णदेव रिमाल ९८४११९६८८८
उपाध्यक्ष - शारदा भट्टराई पोखरेल, ९८४४४७८८३२
सचिव - विष्णुप्रसाद आचार्य ९८४१५४८४२५
सहसचिव - शारदा पराजुली, ९८४१३६३३२५
कोषाध्यक्ष - मुकुन्दप्रसाद प्रसाईं, ९८४३०५१४५०

सदस्यहरू:
सङ्गीता अधिकारी ९८४१८२७८३६
आविष्कार कला ९८५७०३७५८३
बलराम पुडासैनी ९८४१४०५००७
रीता चालिसे खनाल ९८४१६०२१७२
भोला शर्मा, ९८४१३३७७७२
मिमन पुलामी, ९८४५९५८४५३

# विद्युत्कर्मी साहित्यिक समाज
## आजीवन सदस्यहरूको नामावली

### संरक्षक:

कुलमान घिसिङ
(कार्यकारी निर्देशक, नेविप्रा)

### सहसंरक्षक:

मोहनबहादुर कायस्थ ९८५१०१५०३५
विष्णुबहादुर सिंह ९८५१०२१८०९
डम्बरबहादुर नेपाली ९८५१०३५०९४
गोविन्दकुमार के.सी.
बद्रीविनोद ढुङ्गाना
रत्नकाजी तुलाधर
डा. लक्ष्मीभक्त शिल्पकार
लोकमान मास्के
शम्भुप्रसाद उपाध्याय
रामचन्द्र पाण्डेय ९८५१०७२०४८
हरिबहादुर ग:सी ९८४१५९२३१८
शेरसिंह भाट ९८५१०३८५४०

### संस्थापक आजीवन सदस्यहरू:

कुलप्रसाद पराजुली ९८४१६९५०१८
केशवप्रसाद रूपाखेती ९८४१५०३४९७
कृष्णमोहन जोशी ९८४१७१९१४९
पुण्य घिमिरे ९८४१३९०३३३
कमला श्रेष्ठ ९८४१२८९९९८
गङ्गा अधिकारी ९८४६१९९०७
भगवती प्रसाईं ९८६५२२६९
मातृका पोखरेल ९८४१२८१७०५
रमेशप्रसाद तिमील्सिना ९८४१३९६६६१
रमेशप्रसाद न्यौपाने ९८५१०७२०४८
रामेश्वर राउत 'मातृदास' ९८४१५३८०८०

### आजीवन सदस्यहरू

१. विष्णुप्रसाद उपाध्याय-
२. रमा पोखरेल-
३. रम्भा शर्मा अधिकारी- ९८४१६८१४७५
४. शान्ता सुवेदी- ०२१-४६०६८८
५. कुमारप्रसाद ओझा- ९८५१०९५३६५
६. चक्रवर्ती गड्तौला- ९८५१९६८७६१
७. चिरन्तनविक्रम राणा- ९८५१०१८८४४
८. देवराज प्रसाईं- ९८५१०८५६५१
९. मोहनकृष्ण उप्रेती- ९८५१०००७२२
१०. उत्तमकुमार घिमिरे- ९८४१२८६२६७
११. भुवनचन्द ठकुरी- ९८०१००२००२
१२. रामप्रसाद अधिकारी-
१३. अच्युत नेपाल- ९८४१३४४३२०
१४. अर्जुनकुमार चौहान- ९८५११०६१०७
१५. कौशल भट्टराई- ९८४१४४७१९०
१६. दण्डपाणि बस्याल- ९८५१०१८२४३
१७. डिल्लीरमण दाहाल- ९८४१३४९८५४
१८. गौरीमान कडरिया-
१९. बद्रीनाथ रोक्का-
२०. बेलप्रसाद शर्मा- ९८४१४११६४४
२१. मातृका बजिमय- ९८४३६६९०५१
२२. सरिता शर्मा-
२३. काशिराम शर्मा- ९८५१०६१३२७
२४. नगेन्द्रमणि ढकाल-
२५. विष्णुप्रसाद आचार्य- ९८४१५४८४२५
२६. कुसुम ज्ञवाली-
२७. केशवराज पन्त-
२८. चिरञ्जीवी शर्मा-
२९. टङ्क श्रेष्ठ- ९८५११२३३९३
३०. ध्रुवराज भट्टराई-
३१. रमापति पराजुली- ९८४२०२७७५६

३२. विन्दु शर्मा- ९८४१८८०२२३
३३. शान्तिलक्ष्मी शाक्य- ९८५१०५४३६०
३४. हरिहरमान पालिखे-
३५. प्रकाशजङ्ग राणा-
३६. राष्ट्रभूषण प्रधान- ९८५१०८५१६४
३७. कृष्णदेव रिमाल- ९८४११९६८८८
३८. कौशिला देवान- ९८४१७९१०७९
३९. वीरेन्द्र पाठक- ९८४१२७८६५८
४०. सरोज अर्याल- ९८४६०८८२३१
४१. यादवराज घले- ९८४१३६१६९६
४२. उषा सिंह- ९८४१३४२७७७
४३. मञ्जुलाल श्रेष्ठ- ९८०३०३०३८६
४४. देवेन्द्रकुमार अधिकारी- ९८४६११९१७४
४५. कृष्णप्रसाद पौडेल- ९८४१८३५६८५
४६. राजु शर्मा- ९८४१४२६४६२
४७. रीता खनाल- ९८४१६०२१७२
४८. भानुभक्त भट्टराई- ९८४९३६५९९७
४९. सुभाष दाहाल- ९७५१००८२२६
५०. सिन्धु यादव-
५१. नवराज भट्ट-
५२. रङ्गराज सिंखडा-
५३. भोजराज पौडेल-
५४. अनिरुदप्रसाद यादव- ९८४१५०२३५८
५५. हरिकृष्ण शाह- ९८४१३०३४२२
५६. कोमलनाथ आत्रेय- ९८४१३९०१९३
५७. दीपक दाहाल- ९८४९१७४७९९
५८. आर.आर. चौलागाई- ९८४५३५१०००
५९. कृष्णहरि दाहाल- ९८५११९९००२
६०. गोसाईँ के.सी.- ९८५१०१२२५३
६१. मधुकर थापा-
६२. ओमप्रकाश घिमिरे- ९८४१६३५९१९
६३. सुजाता थापा- ९८४१३८९४३१
६४. दीपकराज आचार्य-
६५. गङ्गालाल श्रेष्ठ-
६६. राजकुमार रमण- ९८४१२३४३५३
६७. उमा घिमिरे- ९८४१९३२५४२
६८. महामन चन्द खनाल, ९८४१५९८३३१
६९. समीरा नेपाल-
७०. दीपक ढकाल- ९८४३८४८८९५
७१. शङ्कर खड्का- ९८४१४४९८५३
७२. कालिकाप्रसाद पने रु- ९८४१८१८२५७
७३. प्यारु राणा- ९८४१२१६५४९
७४. बद्री प्र. न्यौपाने ९८४२०३३५८६
७५. वसन्तप्रसाद पन्थी ९८४९१०५३३३
७६. वसन्तकुमार द्विवेदी- ९८४१३१५४५३
७७. मञ्जिलमान श्रेष्ठ- ९८०८३४९४६४
७८. गोविन्दप्रसाद पौडेल- ९८५११९०६७५
७९. कोमल कौशिक- ९८४१४८९०५५
८०. इन्द्रप्रसाद न्यौपाने- ९७५१००२४१६
८१. विश्वम्भर भण्डारी- ९८४१५३५५१२
८२. दुर्गा प्रसाद पोखरेल- ९८४१४०६४६७
८३. जुजुकाजी रञ्जित- ९८५११०४५६७
८४. केशवराज वाग्ले-
८५. राजु के.सी.- ९८४१४०२७३५
८६. चण्डिका रायमाभी- ९७४१०१८८३४
८७. मनोरञ्जन मल्लठकुरी- ९८४१४०२८३६
८८. तारादत्त भट्ट- ९८५११२८६९८
८९. शारदा पराजुली- ९८४१३६३३२५
९०. ओमप्रकाश भट्ट- ९८४८०२४९६५
९१. कपिलदेव महतो- ९८४१२७२७६६
९२. थर्कबहादुर थापा- ९८४१२२४९३९
९३. इन्दिरा पौडेल-
९४. शारदादेवी भट्टराई- ९८४४४७८८३२
९५. तुलसीमेहर श्रेष्ठ- ९८१०३६३९३०
९६. टीकाराज कार्की- ९८५१०६९५६८
९७. प्रकाश आचार्य- ९८४१३५४९७२
९८. पूर्ण कुमार चौहान- ९८४१७३७००४
९९. पुष्प ढुङ्गाना- ९८४१४२४३७०
१००. उत्तमप्रसाद रिमाल- ९८४१५४८३९३
१०१. शिव राई- ९८५१२३१३८१
१०२. सङ्गीता अधिकारी- ९८४१८२७८३६
१०३. सुदर्शन भट्टराई- ९८४१२२८४५९
१०४. सुशीला लामा- ९८४१४२५७३४
१०५. रीता श्रेष्ठ- ९८१८२५६८४६
१०६. ध्रुवकुमार उप्रेती- ९८५१०३६७७६
१०७. चूडामणि आचार्य- ९८४१६०२४९६
१०८. चतुर्भुज गौतम- ९८४८६१३८८९
१०९. इन्दिरादेवी दाहाल- ९८४१४०४७४७

११०. अङ्ग खड्का 'अनुप'- ९८४९४४७४८९
१११. बलराम पुडासैनी- ९८४१४०५००७
११२. केदारराज सिलवाल- ९८५१०९४४५९
११३. भरतकुमार खड्का- ९८५१०३४६७५
११४. भोला शर्मा- ९८४१३३७७७२
११५. उर्मिला शर्मा- ९८४१०५५९५८
११६. चेवन काफ्ले-
११७. मुकुन्दप्रसाद प्रसाईँ- ९८४३०५१४५०
११८. बलराम चौलागाई- ९८४९२३५४९६
११९. मनोज सिंह- ९८०३७६७०१३
१२०. सम्पूर्णा खनाल- ९८४९९२८४१७
१२१. कैलाशमान श्रेष्ठ-
१२२. कृष्णकान्त पण्डित- ९८४१७६२९४०
१२३. देवीमाया दाहाल- ९८४१३३३७९४
१२४. निर्मला सुवेदी- ९८४१५८२८५८
१२५. ध्रुवराज न्यौपाने- ९८४६०६५२०६
१२६. लक्ष्मण रेग्मी- ९८५११८८२५४
१२७. देवराज घिमिरे-
१२८. बोधनाथ रिमाल- ९७४१००२५५७
१२९. गोविन्दप्रसाद अर्याल- ९८४१५४८३७८
१३०. कल्पना कोइराला- ९८४१८०३२००
१३१. थीरकुमार खत्री- ९८४१५७०९२२
१३२. सोमराज शाह- ९८४१०२७९२७
१३३. सङ्गीता कार्की- ९८४१७४९३४९
१३४. शोभा थापा- ९८४१८६५९०४
१३५. रामशरण उप्रेती- ९८४१३०६६७८
१३६. प्रदीपकुमार कटुवाल- ९८४१२९९५७१
१३७. उमेशकुमार पुडासैनी- ९८५११३०४२१
१३८. दुर्गा काफ्ले- ९८४१५१०५४७
१३९. प्रशून अधिकारी- ९८५११६६८१०
१४०. रामहरि गौतम- ९८५११०९६६३
१४१. भूमिनन्द अर्याल- ९८४५४६०५२
१४२. मदन तिम्सिना- ९८५११९८३४५
१४३. हरराज न्यौपाने- ९८४१२९२२५०
१४४. राजेन्द्र मिश्र- ९८४३०५२९४५
१४५. तोमलाल सुवेदी- ९८४१४७५२८७
१४६. मनोज सिलवाल- ९८६८४१२३८८
१४७. कृष्णकुमारी बस्याल- ९८४१७३२२७१
१४८. रमेश पौडेल- ९८४१२५३१८६
१४९. जयराज भण्डारी- ९८४१२४२६५५
१५०. शम्भु बस्नेत- ९८५१०७४००४
१५१. हरिहर बराल- ९८४१३०५२४२
१५२. केदार प्र. घिताल- ९८५११५६०६२
१५३. शिव अधिकारी- ९८५१०४५८३६
१५४. राजेन्द्र मानन्धर- ९८४१२५९९५७
१५५. अजय दाहाल- ९८५११७८२३२
१५६. सुरेन्द्र सिंखडा- ९८४१३१९५२६
१५७. रघुनाथ अधिकारी- ९८४१०६५२४३
१५८. वीरेन्द्र कँडेल- ९८५११८६०४७
१५९. यमुनाप्रसाद भट्टराई- ९८४१७३४१४३
१६०. नरेन्द्रप्रकाश श्रेष्ठ- ९८५५०७२१००
१६१. रविप्रसाद गुरागाई- ९८४१३२०३१०
१६२. मणिराज नेपाल- ९८५१०४००५६
१६३. दीपा खकुरेल- ९८४१४४८५३०
१६४. मैया थापा- ९८४११८४४०३
१६५. सागर ज्ञवाली- ९८५११४०२३०
१६६. शम्भु बस्नेत- ९८५१०७४००४
१६७. राजेशकुमार राजथला- ९८५११५९६५९
१६८. देवेन्द्र अधिकारी- ९८४६११९१७४
१६९. ममता वली खरेल- ९८४१३४४७२७
१७०. देवकी उप्रेती त्रिपाठी- ९८४१८७८७९८
१७१. टेकनाथ तिवारी- ९८५११७२२२२
१७२. राजेन्द्रकुमार आचार्य- ९८४१४१८४७६
१७३. सुनीलकुमार महतो- ९८५४०३०७३३
१७४. हरिवीर सिलवाल- ९८५१०७१६७७
१७५. सुरेन्द्रबहादुर पाण्डे- ९८५१०९८५६३
१७६. प्रेमराज कोइराला- ९७४५००७६६६
१७७. नरेश मैनाली- ९८४१४४९०१५
१७८. विकास चित्रकार- ९८४१३६११८९
१७९. सृजना ख्याजु- ९८४१९२३५३३
१८०. विजयप्रसाद दास- ९८६०८०७३८१
१८१. कपिल मिश्र- ९८४११२८०९३
१८२. नलिनी ज्ञवाली- ९८४१६८५९८२
१८३. रीता बस्नेत- ९८६००१३५६१
१८४. सरस्वती अर्याल- ९८४१०००५३१
१८५. दण्डपाणि गौडेल- ९८४१२६१६६६
१८६. दीपक भण्डारी- ९८५११२४४८६
१८७. प्रमिला चौधरी- ९८४११९४७०७

१८८. वसन्तराज नेपाल- ९८५११५०७२२
१८९. विष्णुप्रसाद आचार्य- ९८६०११९७११
१९०. चन्द्रकला निरौला- ९८४१९२६०८१
१९१. आनन्द सुवेदी- ९८४१९७४४५५
१९२. जगदीश शर्मा लामिछाने- ९८४१५०१६०९
१९३. अम्बिका खत्री- ९८४१५६२६९७
१९४. प्रकाश पराजुली- ९८४३७२२०९५
१९५. सुभाष पाण्डे- ९८४९०३३७६२
१९६. विकास पुडासैनी- ९८५१०३१०९६
१९७. मातृकाप्रसाद सँग्रौला- ९८४२६३३४६६
१९८. सरोज श्रेष्ठ- ९८५१२०२५२५
१९९. यादवप्रसाद न्यौपाने- ९८५११२३२४५
२००. अम्बिका घिमिरे- ९८४१५१६०७१
२०१. जमुनाकुमारी खड्का- ९८४१६६४९१८
२०२. ऋतु श्रेष्ठ- ९८५११७४०६८
२०३. लक्ष्मीप्रसाद मिश्र- ९८५११४७४१७
२०४. प्रोमिशा मिश्र- ९८४९८२९६९९
२०५. जनक महत-९८४१४६३८१३/५५७४४४३
२०६. रमेश खड्का- ९८५१०७२२२२
२०७. लक्ष्मण घिमिरे- ९८५११८६९७३
२०८. केदारप्रसाद पाण्डे- ९८४१३६५४९०
२०९. आविष्कार कला- ९८५७०३७५८३
२१०. सुभद्रा कोइराला- ९८४९७५३२३२
२११. विमला खड्का- ९८४६०९६७५७
२१२. पङ्कज राना- ९८४७१९४६०
२१३. जमुना पोखरेल- ९८४१८४७२१३
२१४. रीता खत्री- ९८४९१०३९९४
२१५. लोकहरि लुइँटेल- ९८९११०५४६६
२१६. गङ्गा सापकोटा- ९८४७५५४१०८
२१७. प्रकाश कुँवर- ९८४१२६१८२४
२१८. रामप्रसाद पोखरेल- ९८४१९५४८६६
२१९. तीर्थराज न्यौपाने- ९८४३१५०४९०
२२०. समीरप्रसाद पोखरेल- ९८५११६८२१४
२२१. लोकेन्द्रबहादुर साउद- ९८५१०९९१३३
२२२. अञ्जु कटुवाल- ९८४१२५०७६६
२२३. सरिता डङ्गोल- ९८४१५०२९१२
२२४. खेमराज भण्डारी- ९८५१२४००७७
२२५. सरोज घिमिरे- ९८४१५४८०७२
२२६. हरि घिमिरे- ९८४१८२१४९२
२२७ हरिप्रसाद अधिकारी- ९८५२०२८४५२
२२८. वीरेन्द्र कुमार झा- ९८५२०२४९४०
२२९. सरोज कुमार श्रेष्ठ- ९८४२०९८६९२
२३०. आनन्द नेपाल- ९८५२०२४६४५
२३१. उज्ज्वलराज नेपाल- ९८५२०३२६१८
२३२. विनोद सुवेदी- ९८४१३०८३९६
२३३. रमेशप्रसाद घिमिरे- ९८५२०३१०७९
२३४. निर्मला शर्मा- ९८४१५४८७२५
२३५. हरिप्रसाद घिमिरे- ९८४१८२१४९२
२३६. राजेन्द्र कोइराला- ९८४१२९२०६०
२३७. शेरजङ्ग कार्की- ९८५११८८८५८
२३८. सुरेन्द्रजङ्ग थापा- ९८५१०४११८८
२३९. राजनप्रसाद प्याकुरेल- ९८४१७००७७०
२४०. तुलाराम गिरी- ९८५११६८२१९
२४१. राजनऋषि कँडेल- ९८४१३४५४२३
२४२. महेश्वर सत्याल- ९८५१०९३१७०
२४३. अनिता बजगाईं- ९८४१६८६३४८
२४४. नागेन्द्रकुमार यादव- ९८५२०३९७०१
२४५. हरिबोल हुमागाईं- ९८४११७४८७१
२४६. चाँदनी बि.क. - ९८४७१०७२१४
२४७. राजन पालुङ्गा - ९८४१३७३७७६
२४८. दिनेश शिवाकोटी - ९८४५०१२४६७
२४९. नारायण रेग्मी - ९८५११४७४५४
२५०. सागर शिवाकोटी - ९८४१७८१२६४
२५१. उमा न्यौपाने - ९८१३६३६७९०
२५२. मनुकुमारी पुलामी मगर - ९८४४५९४२३६
२५३. राजन फुयाँल -
२५४. शमशेरबहादुर न्हुच्छे प्रधान -
२५५ निरबहादुर भण्डारी - ९८४१३२७४७२
२५६. राजु भण्डारी —
२५७. जयराम आचार्य - ९८५११३१६९३
२५८. मान्चु कुमारी श्रेष्ठ - ९८४१८६५०१५
२५९. ध्रुवराज प्रसाई - ९८४१६०२९२६
२६०. मिलन मनुवा दाहाल - ९८५१०१७३९०
२६१. नारायणप्रसाद रिजाल - ९८५६०४९४६१
२६२. सुरेन्द्र पोखरेल - ९८४१०६१७५४
२६३. नारायणप्रसाद आचार्य - ९८४१७२७३९३
२६४. मधुकर बस्नेत - ९८४१७९०७४८
२६५. रवीन्द्रजङ्ग पाण्डे - ९८५१०३४६४२

२६६. हरिबहादुर थापा - ९८४९००२१२३
२६७. सुमनराज मानन्धर - ९८४९३९३१६९
२६८. तेजकान्त उपाध्याय -९८५५०३१९६४
२६९. रञ्जित शाह - ९८४९१२४५९०
२७०. विवेक तिम्सिना - ९८५११९९२७३
२७१. सरस्वती केसी - ९८४१८२७७५१
२७२. दीपकराज श्रेष्ठ , ९८४१०९५८७९
२७३. दीपक चौधरी, ९८५११-६२६५०
२७४. गजेन्द्रप्रसाद श्रेष्ठ, ९८४१-३६८५९९
२७५. सरोज श्रेष्ठ, ९८४५०२९६३
२७६. विश्वनाथ लामिछाने, ९८४९५८३३०१
२७७. मीना श्रेष्ठ, ९८४४०६२१४३
२७८. श्रीलाल सुवाल, ९८४१६०४९७७
२७९. सुनिता खड्का, ९८४५०३०९९९
२८०. उपेन्द्र सिंह, ९८४१३०००२६
२८१. प्रेमचन्द्र ठाकुर, ९८४१४५८०१३
२८२. आशिषरत्न शाक्य, ९८४९६२४९८५
२८३. सुलोचना आचार्य, ९८४१८६१८१९
२८४. एलिना कार्की, ९८४३४७३६५९
२८५. अम्बरबहादुर राई, ९८४६७४५४७२
२८६. मधुराम व्यञ्जनकार, ९८५११६६६३४
२८७. इन्दिरा शिवाकोटी, ९८४१५६३३२२
२८८. सोबित थपलिया, ९८४१८९८७२३
२८९. अनिल पुडासैनी, ९८४१४४६५६५
२९०. शोभा दर्लामी, ९८४९१२८४५७
२९१. शिवप्रसाद रिमाल, ९८४१३६७७५८
२९२. विष्णुप्रसाद देवकोटा, ९८५१३२०८३७
२९३. सुनिलकुमार पूर्वे, ९८४४५२६९१६
२९४. रामप्रवेश कुशवाहा, ९८४५१८६३०६
२९५. भक्ती चौलागाईं, ९८६५१५४३९८
२९६. छविलाल अधिकारी, ९८५६०४१९९९
२९७. बबिता पौडेल, ९८४६१३४६०२
२९८. सूर्यप्रसाद पौडेल, ९८४६०७८२२४
२९९. राजु बराल, ९८५६०४६४०८
३००. लक्ष्मी आचार्य, ९८४६२४७९२१
३०१. कृष्णप्रसाद ढकाल, ९८४६३६५१५९
३०२. निरोज पौडेल, ९८५११९१९२६
३०३. कविन्द्रकुमार झा, ०९६८२१४६४२
३०४. सन्तबहादुर कुँवर, ९८५६९६१८०
३०५. परितोशकुमार चौधरी, ९८४११३३०४५
३०६. राजेन्द्रनाथ पौडेल, ९८४६०३७५०५
३०७. दिलकुमारी श्रीस, ९८४६२०१९२५
३०८. भीमकुमारी श्रीस, ९८४७६१३३३३
३०९. अर्जुन तिवारी, ९८४६०९७६४२
३१०. रामचन्द्र अधिकारी, ९८५६०३२४७२
३११. अनिल अर्याल, ९८४६१२२६०२
३१२. किशोर घिमिरे, ९८५७०६६६८१
३१३. कृष्ण घर्ती (कृष्णा), ९८४७६२३३८७
३१४. सुदिप पौडेल, ९८४६१९९१०४
३१५. गङ्गाप्रसाद शाह, ९८४४०९७५३४
३१६. सुशीला श्रेष्ठ, ९८४६०६१४६०
३१७. शिवेन्द्र यादव, ९८४६८६४१२३
३१८. नमराज रिमाल, ९८४०७३९१७५
३१९. विकाश चौधरी, ९८५६०३११९१
३२०. किरण चौधरी, ९८४६९४०५०३
३२१. कृष्णप्रसाद पौडेल, ९८४३७३५८१
३२२. कृष्णप्रसाद पोखरेल, ९८४७९२९३०७
३२३. सन्तोष गौतम, ९८४१३७८९५१
३२४. शारदाप्रसाद भट्टराई (वशिष्ठ बन्धु), ९८४९९३८१८६
३२५. लीलाकुमारी अर्याल, ९८५१२३२१९६
३२६. सुरेन्द्रकुमार के.सी., ९८५१२०५६२९
३२७. लीलाराज भट्टराई, ९८४२२८०१५२
३२८. युवराज न्यौपाने, ९८५११५२३५४
३२९. पेमा डुम्रे, ९८४६५४६०२९
३३०. खगेन्द्र अधिकारी, ९८४२३१६४७६
३३१. कविता पोखरेल सुवेदी, ९८४९६७८४४७
३३२. राजु भट्टराई, ९८४१०३७६२०
३३३. तारादेवी धमला, ९८४१०२५४६५
३३४. लोकेन्द्रबहादुर चन्द, ९८५११८२७५६
३३५. दामोदर काफ्ले, ९८४२३४१२२२
३३६. निलम मरासिनी, ९८४९०७९८५३
३३७. कृष्णकुमार श्रेष्ठ, ९८४९०२१६७०
३३८. सञ्जीव रेग्मी, ९८४१९९१९९२

## विमोचित एवम् प्रकाशित कृतिहरू

| | | | | |
|---|---|---|---|---|
| १. | बूढो साउन र खडेरी | २०६७ | केशव रूपाखेती | विमोचन/प्रकाशन |
| २. | गर्भे सुवेदार | २०६८ | पुष्पनाथ शर्मा | विमोचन/प्रकाशन |
| ३. | दृष्टिविहीन सत्ता | २०६९ | पुण्य घिमिरे | विमोचन/प्रकाशन |
| ४. | यथार्थ प्रतिबिम्ब | २०७० | मञ्जुलाल श्रेष्ठ | प्रकाशन |
| ५. | हस्ताक्षर विश्लेषण | २०७१ | मोहनकृष्ण उप्रेती | विमोचन |
| ६. | परदेशतिर | २०७२ | मोहनकृष्ण उप्रेती | विमोचन/प्रकाशन |
| ७. | अतीतको पोको | २०७२ | भुवनचन्द ठकुरी | प्रकाशन |
| ८. | सम्झनाका झिल्काहरू | २०७३ | विष्णुबहादुर सिंह | विमोचन/प्रकाशन |
| ९. | आखरको आरन | २०७३ | कृष्णदेव रिमाल | विमोचन/प्रकाशन |
| १०. | बेथिति बिस्कुन | २०७४ | मञ्जुलाल श्रेष्ठ | विमोचन/प्रकाशन |
| ११. | ऊर्मिलाको व्यथा | २०७४ | हरिप्रसाद अधिकारी | विमोचन/प्रकाशन |
| १२. | नागरिकता | २०७४ | राजु शर्मा | विमोचन/प्रकाशन |
| १३. | प्रकाशगृहका स्रष्टा | २०७४ | कुलप्रसाद पराजुली | विमोचन/प्रकाशन |
| १४. | अनुग्रह | २०७४ | वीरेन्द्र पाठक | विमोचन |
| १५. | अनुकम्पा | २०७४ | वीरेन्द्र पाठक | विमोचन |
| १६. | अथक साहित्यसाधक मोहनबहादुर कायस्थ | २०७६ | वाई.आर.घले | विमोचन/प्रकाशन |
| १७. | 'घर फर्कने तिर्खा' | २०७९ | विष्णु आचार्य 'अतृप्त' | विमोचन/प्रकाशन |
| १८. | पछाडि फर्किएर हेर्दा | २०७९ | पुण्यप्रसाद घिमिरे | प्रकाशन |

## 'अमरज्योति सम्मान'बाट सम्मानित व्यक्तित्वहरू

| | | |
|---|---|---|
| १. | कुलप्रसाद पराजुली | २०६७ |
| २. | मोहनबहादुर कायस्थ | २०६८ |
| ३. | पुष्पनाथ शर्मा | २०६९ |
| ४. | विष्णुबहादुर सिंह | २०७० |
| ५. | कृष्णमोहन जोशी | २०७१ |
| ६. | केशव रूपाखेती | २०७२ |
| ७. | वीरेन्द्र पाठक | २०७३ |
| ८. | पुण्य घिमिरे | २०७४ |
| ९. | मोहनकृष्ण उप्रेती | २०७५ |
| १०. | भुवनचन्द ठकुरी | २०७५ |
| ११. | मातृकाप्रसाद सङ्ग्रौला | २०७५ |
| १२. | पुष्कर पुरी | २०७५ |
| १३. | जुजुकाजी रञ्जित | २०७६ |
| १४. | देवेन्द्र अधिकारी (दुःखी माइला) | २०७६ |
| १५. | कमला श्रेष्ठ- | २०७७ |
| १६. | आर.आर. चौलागाईँ | २०७८ |
| १७ | मातृका पोखरेल | २०७९ |
| १८. | रमेशप्रसाद तिमल्सिना | २०७९ |

३७ औं वर्ष सफलतापूर्वक पूरा गरेको सुअवसरमा
सम्पूर्ण उपभोक्ता महानुभाव, शुभचिन्तक तथा
सहयोगी सङ्घ-संस्थाहरूप्रति हार्दिक
आभार व्यक्त गर्दछौं ।

# नेपाल विद्युत प्राधिकरण

'उज्यालो नेपालको संवाहक'



'समृद्ध नेपालका लागि उच्च ऊर्जा खपत'